THE
CARTER CENTER

**नेपालको शान्ति प्रक्रियामा भूमिसम्बन्धी प्रतिबद्धताहरूः कार्यान्वयनहरूबारे एक अद्यावधिक**
**जुन २०, २०१२**

## अ. प्रारम्भ

भूमि धेरै नेपालीहरूको जीवनयापनको केन्द्र हो र भूमिमाथिका राजनीतिक संघर्ष र यसको न्यायोचित वितरणको लामो इतिहास छ। भूमि नेपालको दशकलामो द्वन्द्वको केन्द्रिय विषयवस्तु पनि थियो । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी माओवादीहरूद्वारा सन् १९९६ मा जारी प्रारम्भिक ४० बुँदे मागहरूमा उनीहरूले “सामन्ती प्रणालीअन्तर्गत नियन्त्रणमा रहेका जग्गाहरू जफत गरी भूमिहीन र आवासविहीनहरूलाई वितरण गर्न” र जनताको खास वर्गका व्यक्तिहरुसँग रहेको जग्गा “जफत गरी राष्ट्रियकरण गर्न” माग गरेका थिए ।[1] ती एजेण्डाहरूलाई अघि बढाउन र आफ्नो पकड भएका स्थानहरूमा आफ्नो राजनीतिक पकड मजबुत पार्न माओवादीहरुले द्वन्द्वकालमा ठूला जग्गाधनी तथा माओवादी आन्दोलनका राजनीतिक विरोधीहरूका जग्गाहरू कब्जा गरे । सन् २००६ को विस्तृत शान्ति सम्झौता र त्यसपछिका सम्झौताहरूमा माओवादीहरूले कब्जा जग्गा जग्गाधनीहरूलाई फिर्ता गर्ने तथा सरकारद्वारा भूमिसुधारलगायतका सामाजिक रुपान्तरणका निम्ति विभिन्न प्रतिबद्धताहरू व्यक्त गरिएका थिए ।

कार्टर सेन्टरले आफ्नो जुन २०१० को “नेपालको शान्ति प्रक्रियामा भूमिसम्बन्धी प्रतिबद्धताहरूः अहिलेसम्म कति उपलब्धि भएका छन्?”[2] विषयक प्रतिवेदनमा यी प्रतिबद्धताहरू आंशिकः मात्र पूरा गरिएको पायो । पर्यवेक्षकहरूले सन् २०१० मा एकीकृत नेपाल कम्युनिष्ट पार्टी-माओवादी (एनेकपा माओवादी) ले हिमाल, पहाड र पूर्वी तथा मध्य तराईमा कब्जा गरेका अधिकांश जग्गाहरू फिर्ता गरेको पाए तथापि यी क्षेत्रहरूमा केही प्रमुख मुद्दा अनिर्णित थिए । यस विपरित, सबैभन्दा बढी कब्जा भएको बताइएको मध्य र सुदुर-पश्चिम तराईमा अधिकांश जग्गा फिर्ता गरिएका थिएनन् वा शर्तसहित मात्र फिर्ता गरिएका थिए । यसैबीच, भूमिसुधार नीतिहरू निर्माण गर्ने तथा भूमिहीनहरूका लागि व्यवस्था गर्ने प्रयासहरू थाँती रहे र न्यून मात्र कार्यान्वयन भए ।

यस प्रतिवेदनले स्थानीय तहमा भूमिसम्बन्धी प्रतिबद्धताहरूको कार्यान्वयनको संक्षिप्त अद्यावधिक प्रस्तुत गर्नुका साथै ३२ जिल्लाका संक्षिप्त विवरणहरुसहितको अनुसूचि समाविष्ट गरेको छ । यो प्रतिवेदन विशेष गरी सन् २०११ अगष्टपछिको समयखण्डमा केन्द्रित छ । सन् २०११ को अगष्ट २८ मा बाबुराम भट्टराई प्रधानमन्त्रीमा निर्वाचित भएपछि सरकार र एनेकपा(माओवादी) ले जग्गा फिर्ता र भूमिसुधारका प्रतिबद्धताहरूलाई पुनः दोहोऱ्याए जसलाई १ नोभेम्बर २०११ मा प्रमुख दलहरूबीच भएको सातबुँदे सहमतिमा उल्लेखित गरिएको छ । कार्टर सेन्टरका पर्यवेक्षकहरुले यी प्रतिबद्धताहरुको स्थलगत प्रभाव अनुगमन गर्न स्थानीय तहमा पर्यवेक्षण गरे ।

संविधानसभा भंग भएको तथा नेपालको शान्ति तथा संवैधानिक प्रक्रियामा यसपछिको मार्ग अस्पष्ट भएको वर्तमान राजनीतिक परिवेशमा द्वन्द्वकालीन जग्गा मुद्दाहरुले उच्च स्तरिय ध्यान पाउँछन् भन्ने देखिँदैन । यस अलावा, राष्ट्रिय तहमा “शान्ति प्रक्रिया” लाई कहिलेकाहीं माओवादी लडाकूहरुको समायोजन, पुनर्स्थापना तथा अवकाशका रुपमा मात्र बुझ्ने गरिन्छ र यी प्रक्रियाहरु समापन भएसँगै शान्ति प्रक्रिया समाप्त हुने केहीको बुझाई छ । तथापि, विस्तृत शान्ति सम्झौतामा माओवादी लडाकूहरुसँग सम्बन्धितबाहेक धेरै यस्ता उल्लेखयोग्य प्रतिबद्धताहरु पनि छन् जसलाई अल्पकालमा उचित ढंगले सम्बोधन नगरिए मध्यदेखि दीर्घकालसम्म देखा पर्न सक्छन् । यस कारण, स्थानीय तहको द्वन्द्वकालीन भूमि मुद्दाहरुबारे प्रतिवेदन सार्वजनिक गर्नु र आगामी वर्षहरुमा देखा पर्न सक्ने त्यस्ता मामिलाहरुको

---

[1] ४० बुँदे मागहरू दिपक थापाको *Understanding the Maoist Movement of Nepal* मा प्राप्त गर्न सकिन्छ, काठमाडौं, मार्टिन चौतारी, २००३, पृ. ३९१ । नेपालका भूमिसम्बन्धी गहन लेखन सामग्री उपलब्ध छन् । मूख्य सामग्रीहरूमा महेश सि. रेग्मीको *Landownership in Nepal* (१९७६), जगन्नाथ अधिकारीको *Land Reform in Nepal: Problems and Prospects* (२००६) र लिज विली, देवेन्द्र प्र. चापागाइँ र शिव शर्माको *Land Reform in Nepal: Where is it Coming From and Where is it Going?* (२००८) छन् ।

[2] द कार्टर सेन्टर, “नेपालको शान्ति प्रक्रियामा भूमिसम्बन्धी प्रतिबद्धताहरूः अहिलेसम्म कति उपलब्धि भएका छन्?”, जुन २२, २०१० । http://cartercenter.org/resources/pdfs/news/pr/nepal-pr-land-rpt_062210-EN.pdf ।

देशव्यापी अवस्थितिबारे अद्यावधिक अभिलेख बनाइराख्नु महत्वपूर्ण रहेको कार्टर सेन्टरको ठहर छ । यस अद्यावधिक प्रतिवेदन यसै मर्मका साथ प्रेसित गरिएको छ ।

यो प्रतिवेदन कसरी पढ्ने भन्नेबारे एक टिप्पणी: पहिलो, भूमि सुधार र कब्जा जग्गा फिर्ता दुवै विषय विस्तृत शान्ति सम्झौताका महत्वपूर्ण अंशहरू भएतापनि यो प्रतिवेदन जिल्ला तथा गाविस तहका जग्गा फिर्ताहरूमा केन्द्रित छ । भूमिसुधार राष्ट्रिय तहको प्रक्रिया भएको र अझैसम्म शुरु नभइसकेको हुँदा कार्टर सेन्टर यसको कार्यान्वयनको पर्यवेक्षण गर्न सक्षम छैन, तसर्थ यसबारे गहन जानकारी दिन समेत सक्षम छैन । यसविपरित जग्गा फिर्ता पर्यवेक्षणीय र स्थानीय तहको प्रक्रिया हो । जुन २०१० को प्रतिवेदनमा उल्लेख गरिएजस्तै कार्टर सेन्टर शान्ति प्रक्रियाको मर्म र आशय प्राप्त गर्न भूमिसुधार र फिर्ता दुवै महत्वपूर्ण रहेको तथा सरकार र राजनीतिक दलहरू यी दुवै कार्यमा अघि बढ्नु पर्ने मान्यता राख्दछ । दोस्रो, कार्टर सेन्टरका अघिल्ला प्रतिवेदन तथा शान्ति प्रक्रियाका मार्गदर्शक दस्तावेजहरूमा उल्लेख भएजस्तै द्वन्द्वकालीन जग्गा कब्जा नेपालको भूमि-सम्बन्धी मुद्दाहरूको एउटा सामान्य परिदृष्य मात्र भएको उल्लेख गर्नु जरुरी हुन्छ ।

## आ. पृष्ठभूमि र सन्दर्भ

*नेपालको शान्ति प्रक्रियामा भूमिसम्बन्धी मुख्य प्रतिबद्धताहरूको छोटो सारांश*
नोभेम्बर २००६ को विस्तृत शान्ति सम्झौतामा माओवादी तथा तत्कालीन सात दल गठबन्धनले दशकलामो द्वन्द्वको अवधिमा कब्जा गरिएका सबै जग्गाहरू फिर्ता गरिने र "वैज्ञानिक भूमिसुधार" का नीतिहरू विकास गर्न पाइला चाल्ने सहमति गरे । विशेष रूपमा दुवै पक्षले यस्तो सहमति गरे:

- "सशस्त्र द्वन्द्वको अवधिमा कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न निषेध गरिएका सरकारी, सार्वजनिक तथा निजी भौतिक संरचना, जग्गा तथा अन्य सम्पत्तिको सूचि निर्माण गर्ने र तिनलाई तत्काल फिर्ता गरिनेछ ।"
- "सामन्ती भूस्वामित्वको अन्त्य गरेर वैज्ञानिक भूमिसुधार कार्यक्रमको शुरुवात गर्ने नीति अनुशरण गरिनेछ ।"
- "जग्गाविहीन, बँधुवा मजदुर तथा ग्रामीण किसानहरूलगायतका आर्थिक रूपले पिछडिएका वर्गलाई जग्गा तथा अन्य आर्थिक एवं सामाजिक सुरक्षा प्रदान गर्न नीति अनुशरण गरिनेछ ।"
- "कसैको पनि निजी सम्पत्तिलाई कानून बाहेक कब्जा वा नियन्त्रण गरिने छैन ।"[३]

डिसेम्बर २००७ र जुन २००८[४] का सम्झौताहरूले यी प्रतिबद्धताहरूलाई दोहोऱ्याए र माओवादीहरूले जग्गा फिर्ता गर्ने तथा भूमिसुधार नीतिहरूको अध्ययनका लागि आयोगको स्थापनाको समयरेखा स्थापित गरे ।[५]

*कार्टर सेन्टरको अघिल्लो पर्यवेक्षणमा प्राप्त तथ्यहरुको सारांश*
कार्टर सेन्टरले नेपालको शान्ति प्रक्रियामा भूमिसम्बन्धी प्रतिबद्धताहरूबारेको आफ्नो पहिलो प्रतिवेदनमा द्वन्द्वकालीन जग्गाहरूको अवस्थाबारे थाहा पाउन ११ जिल्लाको भ्रमण गरेको थियो ।[६] समग्रमा, पर्यवेक्षकहरूले भूमिसम्बन्धी प्रतिबद्धताहरू आंशिक मात्र पूरा गरिएको पाए । इच्छुक पाठकहरूलाई जुन २०१० को प्रतिवेदनको पुनरावलोकन गर्न प्रेरित गरिन्छ जसमा यस छोटो अद्यावधिकमा समावेश गरिएका विषयहरूमाथि गहिरो छलफल समाविष्ट छ । २०१० को प्रतिवेदनका मुख्य तथ्यहरूलाई तल सारांशमा प्रस्तुत गरिएको छः

अ) द्वन्द्वकालीन जग्गा कब्जाको परिमाण र अवस्था: कार्टर सेन्टरका पर्यवेक्षकहरूले सन् २०१० मा माओवादीहरूले द्वन्द्वको दौरान कब्जा गरेका अधिकांश जग्गाहरू तराईमा भएको तथा संख्याका हिसाबले मध्य र सुदुर पश्चिम तराईमा सबैभन्दा बढी समस्या रहेको पाएका थिए । कब्जाका सम्बन्धमा विस्तृत विश्वसनीय र निष्पक्ष अभिलेख नभएको हुँदा कब्जा गरिएको जग्गा, फिर्ता

---

[३] विस्तृत शान्ति सम्झौता, दफा ५.१.८, ३.७, ३.१० र ७.५.५, २१ नोभेम्बर २००६ । http://www.peace.gov.np/admin/doc/CPA_eng-ver-corrected.pdf मा उपलब्ध ।

[४] दुवै सम्झौताहरू *From Conflict to Peace in Nepal: Peace Agreements 2005-2010* मा उपलब्ध छन्, एशियन स्टडी सेन्टर फर पिस एण्ड कन्फ्लिक्ट ट्रान्सफर्मेशन, काठमाडौं, २०११, पृ. १०६-११० र पृ. १२४-१२९ ।

[५] डिसेम्बर २००८ मा माओवादी नेतृत्वको सरकारको मातहत उच्चस्तरीय भूमिसुधार आयोग स्थापना भएको थियो । यसको प्रतिवेदन सन् २०११ मा जारी गरिएको थियो । दोस्रो आयोग एमाले नेतृत्व सरकारको मातहत अक्टोबर २००९ मा स्थापना भएको थियो । उक्त आयोगले मे २०१० मा आफ्नो प्रतिवेदन बुझायो । २००८ को प्रतिवेदन http://www.molrm.gov.np/downloadfile/Report%20Final_1317547371.pdf मा उपलब्ध छ ।

[६] ती जिल्लाहरूमध्ये ६ वटा तराई (कपिलवस्तु, कैलाली, दाङ, धनुषा, नवलपरासी र मोरङ), तीन पहाडी (बैतडी, रामेछाप र सुर्खेत) र दुई हिमाली (गोरखा र संखुवासभा) थिए ।

भएको जग्गा तथा फिर्ता गर्न बाँकी जग्गाको सम्पूर्ण परिमाणको यथार्थ अनुमान लगाउन लगभग असम्भव थियो । तराईका केही जिल्लाहरूमा माओवादीहरूले द्वन्द्वकालमा कब्जा गरेको अधिकांश जग्गा फिर्ता भएको पाइएको थियो । यस विपरित मध्य र सुदुर पश्चिम तराईका प्राय जग्गाहरू फिर्ता नभएको पाइएको थियो । भ्रमण गरिएका पाँच पहाडी र हिमाली जिल्लाहरूमध्ये अपवादमा संखुवासभाबाहेक पाँचमध्ये चार जिल्लाका लगभग सबै जग्गा फिर्ता भएको पाइएको थियो ।

आ) <u>द्वन्द्वकालीन जग्गा फिर्तासम्बन्धी मामिलाहरू</u>: सन् २०१० मा पर्यवेक्षकहरूले जग्गा फिर्ताका सम्बन्धमा स्पष्ट र सर्वसम्मत राष्ट्रव्यापी औपचारिक प्रक्रिया नभएको पाएका थिए । कहाँको जग्गा फिर्ता गर्ने भन्ने सम्बन्धमा माओवादीको नीति जिल्लातह र केही मात्रामा गाविस-तहका प्रतिनिधिहरूको निर्णयमा निर्भर देखिन्थ्यो । अधिकांश जग्गा फिर्ताहरू तीन भिन्न अन्तरालमा भएको देखियो: विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएलगत्तै, २००८ को संविधानसभाको निर्वाचनभन्दा केही अघि र अगष्ट २००८ देखि मे २००९ सम्म माओवादीहरू सरकारको नेतृत्वमा भएको समयमा । थुप्रै मामिलामा माओवादीहरूले लक्षित गरेका व्यक्तिका कब्जा गरिएका  जग्गाहरू "सशर्त" फिर्ता गरेका थिए जसमा जग्गाधनीहरूले आफ्नो जग्गामा पहुँच पाउनका लागि स्थानीय माओवादी तथा किसानहरूसँग अनौपचारिक लेनदेन गरेका थिए । केही जग्गाधनीहरूलाई माओवादीहरूले बजारमूल्य भन्दा धेरै कम दाममा जग्गा बेच्न बाध्य पारेको बताइयो । केही जग्गाधनीहरूले सहायताका लागि जिल्ला प्रशासन गुहारे पनि अधिकांश जग्गाधनीहरू स्थानीय सरकारी संयन्त्रले जग्गा कब्जाका मामिलाहरूलाई सम्बोधन गर्न सक्दैनन् वा आँट गर्दैनन् भन्ने ठहर गरी उनीहरूको कानूनी र प्रशासनिक माध्यम रोज्न उदासीन थिए ।

इ) <u>नयाँ जग्गा कब्जाहरू</u>: कार्टर सेन्टरका पर्यवेक्षकहरूले सन् २०१० मा द्वन्द्वको समाप्तिपछि मुख्यतः माओवादी (एनेकपा माओवादी) र नेकपा(माओवादी)-मातृका यादवद्वारा गरिएका जग्गा कब्जाका केही नयाँ घटना भएको पाए । दुवै दलले भूमिहीन जनता तथा किसानले कब्जा गरेका सार्वजनिक वा दर्ता नभएका जग्गाहरूको समर्थन गरेका थिए । एनेकपा(माओवादी) को समर्थनमा सन् २००९-१० मा भएका नयाँ कब्जाहरू व्यवस्थित हुनुका साथै प्रतिपक्षमा रहेको समयमा दलको प्रभाव बढाउने तथा सरकारलाई दवाव दिने समग्र अभियानको एक अंश थियो । एनेकपा(माओवादी), नेकपा (माओवादी)-मातृका यादव, सशस्त्र समूहहरू तथा अन्य साना वा पहिले नदेखिएका लगायत विभिन्न समूहहरूले सांकेतिक रूपमा जग्गा कब्जा गरेका विवरणहरू पनि प्राप्त भएका थिए, तथापि ती कब्जाहरूमा दलको झण्डा गाड्नेभन्दा बढी खासै केही भएको थिएन ।[७]

*सन् २०१० पश्चात्को विकासक्रमको सारांश*

जुन २०१० र अगष्ट २०११ बीचको समयमा भूमि सम्बन्धी मुद्दाहरुमा राष्ट्रिय तहमा थोरै मात्र प्रगति भएको थियो । तथापि, २८ अगष्ट २०११ मा प्रधानमन्त्रीमा डा. बाबुराम भट्टराई निर्वाचित भएपछि जग्गा फिर्तालाई फेरि राष्ट्रिय एजेण्डाको रूपमा महत्व दिइयो । प्रधानमन्त्री भट्टराईले सरकारले शान्ति प्रक्रियामा बाँकी रहेका सबै सहमतिहरूलाई ४५ दिनभित्र लागु गर्ने प्रतिबद्धता जनाए । यसै कार्यक्रम अन्तर्गत, सेप्टेम्बर ९ २०११ मा सरकारले दशकलामो द्वन्द्वका दौरान कब्जा भएका जग्गा तथा सम्पत्ति तत्काल फिर्ता गर्न आव्हान गऱ्यो । सेप्टेम्बर १३ मा सरकारले प्रधानमन्त्रीको कार्यालयले जिल्ला प्रशासन कार्यालयहरूलाई कब्जा जग्गा फिर्ता गर्ने प्रक्रिया तत्काल थाल्नका लागि निराकरण हुन बाँकी रहेका सबै मामिलाको तथ्यांक संकलन गर्न निर्देशन दिएको जनायो । प्रधानमन्त्रीको कार्यालयले प्रक्रिया कार्यान्वयनको अनुगमन गर्न तथा जग्गा फिर्तासँग सम्बन्धित स्थानीय विवादहरूको निराकरण गर्न केन्द्रिय तथा जिल्ला तहका संयन्त्रहरू गठन गरिने पनि जानकारी दियो । जग्गा फिर्ताको अनुगमन गर्न अर्थमन्त्री वर्षमान पुन एनेकपा(माओवादी), तत्कालीन उर्जामन्त्री पोष्ट बहादुर बोगटी एनेकपा(माओवादी), तथा तत्कालीन सूचना तथा संचार मन्त्री जय प्रकाश प्रसाद गुप्ता (मधेशी जनाधिकार फोरम-गणतान्त्रिक) सम्मिलत एक मन्त्रीस्तरीय समिति गठन गरियो ।

नोभेम्बर १ मा एनेकपा(माओवादी), संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा, नेपाली कांग्रेस तथा नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी (एमाले) लेसात-बुँदे सम्झौतामा हस्ताक्षर गरे जहाँ शान्ति प्रक्रियाका मूख्य प्रतिबद्धताहरूलाई  दोहोऱ्याइएको थियो । उक्त सम्झौता मुख्यतः शान्ति प्रक्रियाअन्तर्गत माओवादी लडाकूहरूको समायोजन, स्वैच्छिक अवकाश तथा पुनर्स्थापनासँग सम्बन्धी विषयलाई अघि बढाउनमा केन्द्रित थियो र सम्झौताले शान्ति सम्झौताको यस मूलभुत प्रतिबद्धतालाई उल्लेख्य रूपमा अघि बढायो । सम्झौतामा जग्गा फिर्ता तथा भूमिसुधारजस्ता अघिल्ला सम्झौताहरूमा रहेका बुँदाहरूसमेत समावेश थिए । विशेषरूपमा, दलहरू निम्न कुरामा सहमत भएका थिए:

- "एनेकपा (माओवादी) ले नोभेम्बर २३, २०११ भित्र कब्जा गरेका सबै सम्पत्ति सही धनीहरूलाई फिर्ता गरि सकिनेछ । जग्गाधनीहरूलाई जग्गा फिर्ताको साथसाथ उचित क्षतिपूर्ति प्रदान गरिनेछ ।",
- "विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान र वैज्ञानिक भूमिसुधार प्रणालीको आशयअनुरूप किसानहरूको अधिकार सुनिश्चित गरिनेछ ।",

[७] द्वन्द्वपश्चातका जग्गा कब्जाहरूबारे विस्तृत छलफलका लागि हेर्नुहोस्, द कार्टर सेन्टर, "नेपालको शान्ति प्रक्रियामा भूमिसम्बन्धी प्रतिबद्धताहरू: हालसम्मका उपलब्धिहरू", पृष्ठ २०-२५ ।

- "कब्जा सम्पत्तिको फिर्ताका सम्बन्धमा भएको सम्झौताको कार्यान्वयन र अनुगमन स्थानीय प्रशासनले गर्नेछ ।"[८]

जग्गासम्बन्धी सहमतिका बुँदाहरू कार्यान्वयनमा राष्ट्रिय समर्थन देखाउन नोभेम्बर २० मा माओवादी अध्यक्ष पुष्पकमल दाहाल, नेपाली कांग्रेसका महामन्त्री कृष्ण प्रसाद सिटौला तथा एमाले उपाध्यक्ष बामदेव गौतमले द्वन्द्वकालमा जग्गा कब्जाद्वारा सर्वाधिक प्रभावित भएकोमध्ये एक बर्दिया जिल्लाको संयुक्त भ्रमण गरे । त्यस भ्रमणको एउटा परिणामस्वरूप जिल्लामा जग्गा फिर्तालाई अघि बढाउन एउटा अनौपचारिक कार्यदलको निर्माण भयो । अन्य केही जिल्लाहरूमा पनि त्यस्तै कार्यदलहरू गठन गरिएका थिए ।

तथापि, विगतका धेरै सहमतिहरूमा भएजस्तै यी प्रतिबद्धताहरू पनि पूर्णरूपमा पुरा भएका छैनन् । उपलब्धि नहुनुका कारणहरू विभिन्न छन्, जस्तैः फिर्ता कार्यान्वयन हुनका लागि छुट्याइएको समय छोटो हुनु, स्थानीय तहका माओवादी कार्यकर्ताहरूबाट उल्लेख्य प्रतिरोध (विशेषगरी वैद्य समूहबाट),[९] जग्गा फिर्तालाई कसरी कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा स्पष्ट सहमति भएका सिद्धान्त र पद्धतिहरूको अभाव, कब्जा गरिएका जग्गामा खनजोत गरिरहेका जनताको लागि स्पष्ट विकल्पको अभाव र महत्वपूर्ण रूपमा केन्द्रिय तहको राजनीतिक ध्यान माओवादी लडाकु तथा टुंगो लाग्न बाँकी रहेका संवैधानिक मुद्दाहरूतर्फ केन्द्रित भैरहेको समयमा जटिल जग्गा मुद्दाहरूलाई सम्बोधन गर्न राजनीतिक इच्छाशक्ति पर्याप्त नहनु नै थियो ।

भूमिसम्बन्धी बृहत मुद्दाहरूमा सरकारले गत वर्ष अन्य धेरै कदमहरू पनि चाल्यो । डिसेम्बर २०११ मा सरकारले विगतका भूमिसुधारसम्बन्धी सुझावहरूको अध्ययन गर्न, दोहोरिएका र भिन्न रहेका क्षेत्रहरू पहिचान गर्न र विस्तृत भूमिसुधार नीति कार्यान्वयनका लागि सुझाव पेश गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रीको नेतृत्वमा समिति गठन गर्नु सबैभन्दा सकारात्मक कदम थियो ।[१०] समितिले भूमि सम्बन्धी १३ वटा मुख्य मामिलाहरूको पहिचान गऱ्यो र तिनीहरूलाई सम्बोधन गर्नका लागि सुझावहरू तयार पार्नुका साथै कार्यान्वयनको समयरेखाबारे सुझाव दियो । समितिले उल्लेख्य रूपमा, सरकारलाई भूउपयोग, हदबन्दी, पुनर्वितरण तथा अन्य मामिलाहरू सम्बन्धी नीतिहरू निर्माण गर्न सहयोग गर्नका लागि विस्तृत भूमि गणना गर्न सिफारिश गऱ्यो ।[११] समितिको प्रतिवेदन अप्रिल २०१२ मा सरकारलाई बुझाइएको  थियो ।

यस अतिरिक्त, सरकारले विशेष प्रकारका भूमि मुद्दाहरूको व्यवस्थापन गर्न दुईवटा आयोग गठन गऱ्यो । उच्चस्तरीय भूमिहीन/सुकुम्बासी समस्या समाधान आयोग नोभेम्बर २०११ मा गठन गरियो जसका २५ जिल्लामा स्थानीय समितिहरू छन् । आयोगको मुख्य कार्यादेश सुकुम्बासी/भूमिहीन जनताबारे जानकारी संकलन गर्नु र भूमिहीन प्रमाणित भएका नेपालीहरूका लागि पहिचानपत्र जारी गर्नु हो ।[१२] सरकारले दर्ता नभएको जग्गा भोगचलन गरिरहेकाहरूले निर्दिष्ट कडा शर्तहरू पूरा गरेको खण्डमा ती जग्गाहरू दर्ता गर्नका लागि जिल्ला मालपोत कार्यालयहरूमा पनि समिति गठन गऱ्यो  । यीमध्ये कुनै पनि आयोगले निकट भविष्यमा द्वन्द्वकालीन जग्गा कब्जाको समाधानमा सहयोग पुऱ्याउने देखिँदैन ।

अन्त्यमा,मन्त्रीपरिषद्द्वारा १६ जनवरी २०१२ मा द्वन्द्वकालमा माओवादी "जनसरकार" अन्तर्गत "क्रान्तिकारी जनपरिषद्" द्वारा गरिएका जग्गाका कारोबारहरूलाई बैधानिकता दिने  घोषणा गरियो । सरकारले जिल्ला मालपोत कार्यालयहरूलाई द्वन्द्वकालीन निर्णयलाई आधार मानी जग्गा धनीपूर्जा वितरण थाल्न निर्देशन दिएको बताइयो । केही जिल्लाहरूमा माओवादी जनसरकारले द्वन्द्वकालमा जग्गा सम्बन्धी मामिलाहरूमा सयौंदेखि हज्जारौं निर्णयहरू गरेका थिए (यस जटिल विषयमा कार्टर सेन्टरद्वारा प्राप्त तथ्यहरूलाई यसै प्रतिवेदनको पृष्ठ ९मा सारांशमा प्रस्तुत गरिएको छ) । उक्त घोषणाको नेपाली कांग्रेस र एमाले लगायतका प्रतिपक्षी दलहरूद्वारा विरोध गरिएको थियो र उनीहरूले निर्णय फिर्ता नहुन्जेलसम्म व्यवस्थापिका संसद बहिष्कार गर्ने घोषणा गरेका थिए । १९ जनवरीमा सर्वोच्च अदालतले सरकारलाई उक्त निर्णय कार्यान्वयन नगर्न आदेश थियो । उक्त निर्णय औपचारिक रूपमा मन्त्रीपरिषद्मै थाँती रहे पनि नेपाली कांग्रेस र एमालेको बहिष्कार अन्त्य गर्न ९ फेब्रुअरी २०१२ मा प्रधानमन्त्री भट्टराईले व्यवस्थापिका संसदलाई सम्बोधन गरे र सरकारले उक्त निर्णयको कार्यान्वयन नगर्ने वचन दिए ।[१३]

---

[८] सात-बुँदे सहमति, नोभेम्बर १, २०११, अनौपचारिक अनुवाद, http://www.ekantipur.com/the-kathmandu-post/2011/11/01/nation/draft-of-the-7-point-agreement/227733.html ।

[९] जुन 18, 2012 मा नेकपा (माओवादी)का वैद्य समूहले पार्टिबाट अलग रहने सोच घोषणा गरे र एउटा नयाँ पार्टि - Communist Party of Nepal, Maoist गठन गरे । यो प्रतिवेदनको लागि तथ्याङ्क माओवादीको विभाजन अघि संकलन गरिएकोले वैद्य समुहको सन्दर्भ यो प्रतिवेदनभरी राखिएको छ ।

[१०] यो अनुच्छेद एक वरिष्ठ सरकारी अधिकारी तथा समितिका सदस्यसँग कार्टर सेन्टरको अन्तर्वार्तामा आधारित छ, काठमाडौं, अप्रिल २०१२ ।

[११] त्यस्तो समिति गठन र भूमि गणनाको आयोजना दुवै कार्टर सेन्टरको जुन २०१० को भूमि प्रतिवेदनका सुझावहरु अनुरुप छन् ।

[१२] कार्टर सेन्टरले यो आयोगबारे बिस्तृत अध्ययन गरेको छैन । तथापि केन्द्रिय र स्थानीय तहका अन्तर्वार्ताहरुमा सरकारी अधिकारीहरुले उच्च संख्याका आवेदकहरु, योग्यताका लागि जटिल मापदण्ड तथा प्रमाणिकरण र कार्यान्वयनका कमजोर मापक आदिले यस प्रयासको उपयोगितालाई कमजोर बनाउने मान्यता राखे ।

[१३] हेर्नुहोस्, "Controversy over conflict-era property deals," द काठमाडौं पोष्ट, फेब्रुअरी ९, २०१२, http://www.ekantipur.com/the-kathmandu-post/2012/02/09/top-story/controversy-over-conflict-era-property-deals/231381.html ।

समग्रमा, वर्तमान सन्दर्भ भनेको गत वर्षदेखि भूमि सम्बन्धी विभिन्न मुद्दाहरूले शान्ति प्रक्रियाको अघिको कालखण्डभन्दा बढी ध्यान पाएको समय हो । तर साथसाथै, यस ध्यानाकर्षणले राष्ट्रिय तहमा जग्गा फिर्ता र भूमिसुधारसम्बन्धमा स्पष्ट सहमतिमा पुऱ्याएको छैन न त स्थानीय तहमा कब्जा भएका जग्गा फिर्ता गर्ने कार्यमा कुनै महत्वपूर्ण उपलब्धि नै हासिल भएको छ । राष्ट्रिय तहमा वर्तमान संवैधानिक गतिरोधलाई कसरी निराकरण गर्ने र शान्ति तथा संविधान निर्माण प्रक्रियालाई अघि बढाउनेमा केन्द्रित हुनुपर्ने आवश्यकता रहेको समयमा निकट भविष्यमा भूमिसम्बन्धी विषयहरूमा उल्लेख्य विकास हुने सम्भावना देखिन्न । तसर्थ यो प्रतिवेदन सन् २०१० मा स्थापित आधाररेखालाई अद्यावधिक गर्न र अल्प तथा दीर्घकालमा चाल्न सकिने कदमहरूबारे सुझाव दिन लक्षित छ ।

## इ. कार्यपद्धति

सेप्टेम्बर २०११ र फेब्रुअरी २०१२ बीचको समयमा कार्टर सेन्टरका पर्यवेक्षकहरूले कब्जा जग्गाहरूको अवस्थाबारे ३० जिल्लामा विभिन्न व्यक्तिहरूसँग जिज्ञासा राखे ।[१४] सेन्टरले यसअघि उल्लेख गरेजस्तै द्वन्दकालमा कब्जा भएका जग्गा तथा त्यसपछि फिर्ताका अभिलेखहरू कमजोर भएका हुनाले जग्गा फिर्ता प्रक्रियाको मूल्यांकन तथा सम्बोधन हुन बाँकी मामिलाहरू पहिचान गर्ने प्रयास जटिल भएको छ । विश्वसनीय अभिलेखको अभावमा पर्यवेक्षकहरूले द्वन्द्वकालीन जग्गा विवादहरूको अभिलेख तयार गर्न तथा फिर्ता प्रक्रियाको अद्यावधिक प्राप्त गर्न जिल्ला तथा गाउँतहका जग्गा धनी, मोही, कब्जा जग्गामा बसेकाहरू, नागरिक समाज प्रतिनिधि, राजनीतिक दल, सरकारी तथा सुरक्षा अधिकारी तथा अन्य नागरिकहरूलगायतका विभिन्न सरोकारवालाहरूसँग कुरा गरे । यीमध्ये केही जिल्लाहरूमा जारी जग्गा फिर्ता र भोगचलनको जटिल परिवेश बुझ्नका लागि पर्यवेक्षकहरूले केही व्यक्तिगत मामिलाहरूमाथि अनुसन्धान गरे । जिल्लागत सारांशहरु प्रतिवेदनसँगैको अनुसूचिमा रहेका छन् ।

## ई. प्राप्त तथ्यांकहरूको विस्तृत सारांश

**१. सन् २०१० मा जस्तै, कार्टर सेन्टरका पर्यवेक्षकहरूले धेरै जिल्लाका अधिकांश वा सबै कब्जा जग्गाका मामिलाहरू निराकरण भैसकेको बताइएको पाए । तथापि, द्वन्द्वकालीन जग्गा कब्जाका सर्वाधिक मामिलाहरू रहेका विशेष गरी मध्य तथा सुदुर-पश्चिम तराईलगायतका केही जिल्लाहरूमा धेरै मामिलाहरू सुल्झिन अझै बाँकी छन् ।**

पर्यवेक्षकहरूले भ्रमण गरेका धेरै जिल्लाहरूमा द्वन्द्वकालका जग्गा कब्जाका अधिकांश वा सबै विवादहरु निराकरण भैसकेको लगातार पाए । खास रूपमा, सेप्टेम्बर २०११ र फेब्रुअरी २०१२ को बीचमा भ्रमण गरिएका ३२ मध्ये ७ जिल्लाहरुमा द्वन्द्वकालीन जग्गा कब्जाका निराकरण हुन बाँकी उल्लेख्य मामिलाहरु रहेको बताइयो भने १४ जिल्लामा वार्ता गरिएका अधिकांश व्यक्तिहरूले द्वन्द्वकालीन जग्गा कब्जाका मामिलाहरू अत्यन्त न्यून रहेको र केही स्थानमा ती समस्या नरहेको भन्नेमा सहमति जनाए र अन्य ११ जिल्लामा वार्ता गरिएका व्यक्तिहरुले निराकरण हुन बाँकी थोरै मामिलाहरु मात्र रहेको उल्लेख गरे ।[१५] उदाहरणका लागि, धनुषामा द्वन्द्वकालीन जग्गासम्बन्धी लगभग सबै मुद्दाहरू समाधान भैसकेको बताइयो । रौतहट र पर्सालगायतका जिल्लाका अधिकांश व्यक्तिहरूले द्वन्द्वकालमा तुलनात्मकरुपमा अन्य जिल्लाभन्दा केही कम जग्गामात्र कब्जा भएको र विस्तृत शान्ति सम्झौतापश्चात नै स्थानीय माओवादी र जग्गाधनीबीचको आपसी सहमतिमा अधिकांश वा सबै जग्गा फिर्ता भैसकेको स्वीकार गरे । दैलेखमा वार्ता गरिएका सबैले द्वन्द्वकालमा कब्जा भएका अधिकांश सम्पत्ति जग्गा नभई भवनहरू भएको र हाल द्वन्द्वकालीन जग्गा विवादका कुनै पनि मामिला बाँकी नरहेको बताए । ओखलढुंगामा वार्ता गरिएका सबै व्यक्तिले कब्जा भएका लगभग सबै जग्गा फिर्ता भैसकेकोमा सहमति जनाए र जग्गा कब्जाका बाँकी मामिलाहरूबारे कसैले वर्णन गर्न सकेनन् ।

तथापि, देशभरी फिर्ता नभएका जग्गाका मामिलाहरू बाँकी नै छन् र केही जिल्लाहरूमा समाधान हुन बाँकी मामिलाहरूको संख्या ठूलो छ । सर्वाधिक ठूलो संख्या मध्य र सुदूरपश्चिम तराईको खास गरी बर्दिया, दाङ, कैलाली र कन्चनपुरमा छ जहाँ जुन २०१० को अवस्थामा जस्तै पर्यवेक्षकहरूले धेरै जग्गाहरू विभिन्न मात्रामा माओवादी दल वा उसका कार्यकर्ताको नियन्त्रणमा रहेको जनाएका थिए । यस प्रतिवेदनका लागि भ्रमण गरिएका जिल्लाहरूमध्ये मध्य तराईका बारा र चितवनमा ठूलो संख्यामा समाधान हुन बाँकी रहेको मुद्दाहरू देखिन्छ । पर्यवेक्षकहरूले मोरङमा पनि द्वन्द्वको समयमा उजुर गरिएका कैयौं द्वन्द्वकालीन मामिलाहरू यथावत रहेको उल्लेख गरेका छन् । पर्यवेक्षकहरूले पूर्वी पहाड र हिमालमा भने समाधान हुन बाँकी घटनाहरू संखुवासभामा उल्लेख्य संख्यामा पाए भने उदयपुरमा थोरैमात्र पाए ।

---

[१४] जिल्लाहरू: अर्घाखाँची, बाग्लुङ, बैतडी, बाँके, बारा, बर्दिया, चितवन, दैलेख, दाङ, दार्चुला, धनुषा, डोटी, इलाम, झापा, कैलाली, कंचनपुर, कपिलवस्तु, कास्की, लमजुङ, मकवानपुर, मोरङ, नवलपरासी, ओखलढुंगा, पर्सा, रौतहट, रुकुम, संखुवासभा, सर्लाही, सिन्धुली, सुर्खेत, ताप्लेजुङ र उदयपुर ।

[१५] खास रुपमा, भ्रमण गरिएका तराईका १७ मध्ये पाँच जिल्लामा, पहाडका ११ मध्ये ७ जिल्लामा र हिमालका चारमध्ये दुई जिल्लामा कब्जा जग्गाका थोरैदेखि शुन्य मामिला रहेको जानकारी दिइयो । पर्यवेक्षकहरूले जग्गा कब्जाको मामिला जारी समस्या रहेका केही जिल्लाको जानीजानी भ्रमण गरे, तसर्थ यो नमूना पूर्ण प्रतिनिधिमूलक नहुन पनि सक्छ । जिल्ला जिल्लाबाट प्राप्त तथ्यहरूको विस्तृत विवरण यस प्रतिवेदनको अन्त्यमा अनुसूचिमा सम्मिलित छन् ।

यस अलावा, एनेकपा(माओवादी) र उसका कार्यकर्ताहरूको प्रत्यक्ष संलग्नता नभएका जग्गा कब्जाका टड्कारा मामिलाहरू पनि यथावत छन् । पर्यवेक्षकहरूले नेपाली कांग्रेस र एमालेजस्ता दलहरूसँग आबद्ध सुकुम्बासीहरु, नेपाल भूमि अधिकार मञ्चजस्ता संगठनसम्बद्ध व्यक्तिहरूले पनि खासगरी सार्वजनिक र गुठीका जग्गाहरू कब्जा गरेका पाएका छन् । मध्य र सुदूर पश्चिममा केही मुक्त कमैयाहरू कब्जा गरिएका सार्वजनिक जग्गाका प्लटमा बसेका छन् । पर्यवेक्षकहरूले नेकपा माओवादी-मातृका समूहका कार्यकर्ताहरूले गरेका जग्गा कब्जाका पनि केही घटनाहरू पाएका छन् । उदाहरणका लागि सिराहामा नेकपा माओवादी-मातृका समूहले संविधानसभाको निर्वाचनपछि कब्जा गरेको जग्गा अझै पनि ५-१० पूर्व भूमिहीन दलित परिवारहरूले भोगचलन गरिरहेको बताइएको छ ।[१६]

२. **सन् २०१० मा जस्तै पर्यवेक्षकहरूले औपचारिक, राज्य निर्देशित प्रक्रियाद्वाराभन्दा पनि माओवादी, जग्गाधनी र जोताहाहरूबीचका अनौपचारिक लेनदेनको माध्यमबाट जग्गा फिर्ता गर्ने कार्य सुचारू रहेको पाएका छन् ।**

जग्गा फिर्ताका लागि औपचारिक तथा राज्य निर्देशित प्रक्रियाको अभावमा द्वन्द्वकालीन जग्गाका मामिलाहरू अनौपचारिक लेनदेनद्वारा नै सल्ट्याइँदैछन् र तिनका परिणामहरू भिन्न भिन्न छन् । जग्गाधनीले जग्गाको सम्पूर्ण स्वामित्व पुनः प्राप्त गर्नेदेखि सशर्त फिर्तासम्मका परिणामहरू छन् जसमा जग्गाधनीले मोहीबाट बालीको केही अंश प्राप्त गर्छन् तर अन्य कुनै अधिकार (जग्गा बेच्ने वा मोही परिवर्तन गर्ने जस्ता क्षमता) प्राप्त हुँदैन । त्यसैगरी जग्गाधनीले जग्गा बेचेर समस्या समाधान गर्ने र कहिलेकाहीं बजारमूल्यभन्दा घटीमा जग्गा बेचेका दृष्टान्तसम्म छन् । राजनीतिक दलका सदस्य, जग्गाधनी, किसान तथा सरकारी अधिकारीहरू यी सबै दृष्टान्तहरूको व्याख्या गर्न “फिर्ता” शब्दलाई लचकतापूर्वक प्रयोग गर्दछन् ।

उदाहरणका लागि, दाङका कम्तीमा तीन गाविसमा एनेकपा(माओवादी) कार्यकर्ताहरूले जोताहाहरूले कानूनी रूपमा जग्गाको २२ देखि ५० प्रतिशतसम्म स्वामित्व प्राप्त गर्नेगरी जग्गाधनी र जोताहाहरूबीच मेलमिलापमा सहजीकरण गरे । माओवादीसम्बद्ध अखिल नेपाल किसान संघ-क्रान्तिकारीका अध्यक्षले उक्त समाधान सरकारको विस्तृत भूमि नीति नभएको अवस्थाको “अन्तरिम समाधान” रहेको व्याख्या गरे । मकवानपुरका एक जग्गाधनीले आफ्नो जग्गा फिर्ता लिन एनेकपा(माओवादी) दलमै प्रवेश गरे ।

पर्यवेक्षकहरूले बर्दियामा गएको वर्षभरी जग्गाको अनौपचारिक र शशर्त फिर्ताका बारेमा उल्लेख गरे, लगभग सबै फिर्ताहरू व्यक्तिगत छलफलका परिणाम थिए ।[१७] जिल्लाका एक जग्गाधनीले वताए, “म प्रशासनको प्रयोगमा विश्वास गर्दिनँ । उनीहरूले जग्गा फिर्ता गराउन सक्दैनन् र यदि उनीहरूले बलपूर्वक त्यसो गरे भने जोताहासँग मेरो सम्बन्ध बिग्रिन्छ । मलाई लाग्छ म यो समस्या व्यक्तिगत प्रयासले नै समाधान गर्न सक्छु ।” केही जग्गाधनी र जोताहाहरूले गएको वर्षबाट नै धानबालीको आधा हिस्सा बाँड्न थालिसकेको बताए जसलाई प्रायसः “फिर्ता” को रूपमा व्याख्या गरिन्छ । जग्गा कब्जाका धेरै मामिलाहरू रहेका एक गाविसका जोताहाहरूले जग्गाधनीलाई बाली दिन थालेको पर्यवेक्षकहरूसमक्ष बताए किनभने यदि उनीहरूले त्यसो नगरेमा जग्गाबाट हात धुनुपर्ने जोखिम रहेको उनीहरूको मूल्यांकन थियो । जिल्लाका एक सरकारी अधिकारीले निशर्त जग्गा फिर्ता अझै सम्भव नभएको तर जोताहाहरूले बालीको अंश जग्गाधनीलाई दिनुपर्ने अनौपचारिक सहमतिले भने सुधार देखिएको उल्लेख गरे ।

पर्यवेक्षकहरूले जग्गा कब्जा भएका धेरै जग्गाधनीहरू अझै पनि बर्दियामै वा छिमेकको बाँके जिल्लामा बस्ने गरेकोले उनीहरू आफ्नो जग्गामा बारम्बार पुगिरहन र जोताहा, एनेकपा(माओवादी), प्रहरी तथा प्रशासनसँग सम्पर्क कायम राख्न सकेको उल्लेख गरे । जिल्लामा गएका वर्षदेखि अनौपचारिक फिर्ता जारी रहेको बताउन यो महत्वपूर्ण तत्व हुनसक्छ ।

३. **केही जग्गा “फिर्ता” हरू जबरजस्ती बिक्रीका माध्यमबाट पनि भैरहेका छन् जसमा माओवादी कार्यकर्ता वा दलसम्बद्ध दलालहरूले जग्गाधनीलाई बजार मूल्यभन्दा सस्तोमा जग्गा बेच्न मात्र अनुमति दिन्छन् ।**

केही जिल्लाहरूमा स्थानीय माओवादीहरूले द्वन्द्वकालमा कब्जा गरिएका जग्गाका कारोबारहरूबाट आर्थिक फाइदा लिइरहेका विश्वसनीय आरोपहरू कार्टर सेन्टरका पर्यवेक्षकहरूले सुने । उदाहरणका लागि जग्गाधनीहरूबाट कम दरमा जग्गा किन्ने र पछि बजार मूल्य अनुसार नै बेच्ने । कार्टर सेन्टरले त्यस्ता कैयौं घटनाहरूबारे जुन २०१० को प्रतिवेदनमा उल्लेख गरेको थियो । त्यस्ता बिक्रीहरू दाङ र सिराहालगायतका जिल्लामा जारी रहेको बताइन्छ र पर्यवेक्षकहरूले एनेकपा(माओवादी)द्वारा कब्जा गरिएको जग्गा उक्त दलका सदस्य र समर्थकहरूलाई पुनः बेच्नका लागि “फिर्ता” गरिएको कैलाली जिल्लाको एक घटनाले पुष्टि गरेका छन् । मोरङमा एक जग्गाधनीले कब्जा

[१६] भ्रमण गरिएकामध्ये थोरै जिल्लाका व्यक्तिहरूले द्वन्द्वको समयदेखि नै निजी जग्गामा सेना र प्रहरीको प्रयोगका कारण विवाद भइरहेको उल्लेख गरे । ती मामिलाहरूलाई कहिलेकाहीं जग्गाधनीहरूले “कब्जा” गरिएको भन्ने शब्द प्रयोग गरे पनि उनीहरू विशेष रुपमा विगतमा प्रयोग भएको जग्गाको क्षतिपूर्ति मागेजस्तो वा बंकर, निर्माण वा सम्भाव्य बारुद हटाउन माग गरेजस्तो प्रतित हुन्छ । कार्टर सेन्टरका पर्यवेक्षकहरूले ती मामिलाहरूको विस्तृत अनुसन्धान गर्न सकेनन् ।

[१७] पर्यवेक्षकहरूले बर्दियामा जग्गाधनी, एनेकपा(माओवादी) जोताहा तथा अन्य सरोकारवालाहरूबीच औपचारिक प्रक्रियाभन्दा अलग छलफल भैरहेका वा भैसकेका ८ वटा घटनाहरू पाए । यी सबै “फिर्ता” गएको वर्षमा सम्पन्न भएका थिएनन् ।

भएको जग्गा माओवादीलाई नै बेचे जसले केही जग्गा प्लटिङ गरेर बेचे र बाँकी त्यहीं बसिरहेकालाई दिए । पर्यवेक्षकहरूले माओवादीइतरका दलसँग सम्बन्धित दलालहरूले पनि त्यस्ता बिक्रीबाट फाइदा लिइरहेको विश्वसनीय आरोपहरू पनि सुने ।[१८]

४. **समग्रमा,गएको वर्ष जग्गा फिर्ताका सम्बन्धमा बढ्दो राष्ट्रिय ध्यानाकर्षणको प्रभाव सीमित छ । जग्गा फिर्ताका प्रयासहरूलाई राष्ट्रि तहमा कार्यान्वयनका लागि स्पष्ट सहमतिपूर्ण सिद्धान्त तथा पद्धतिहरु, कार्यान्वयनका लागि विनियोजित छोटो समय तथा अपर्याप्त राजनीतिक इच्छा शक्ति जस्ता तत्वहरुले प्रभाव पारेका छन् । जग्गा फिर्ताका प्रयासहरुलाई स्थानीय तहमा माओवादीहरूको अवरोध (खासगरी वैद्य समुहको), जग्गाधनीहरूको पहलको अभाव, केही जग्गाधनीहरूको हकमा भयको अवस्था र जग्गामा हाल बसोबास गरिरहेकाहरूको लागि विकल्पको अभाव आदिले असर पारेका छन् ।**

नोभेम्बर २०११ को सम्झौता तथा गएको वर्ष भूमिसम्बन्धी मुद्दाहरूमा सरकार र एनेकपा(माओवादी) को जग्गा मामिलासम्बन्धी बढ्दो ध्यानका वाबजूद जग्गा फिर्ताको प्रक्रियाले गति लिन नसकेको देखिन्छ । स्पष्ट सहमतिपूर्ण सिद्धान्त तथा पद्धतिहरुको अभाव, कार्यान्वयनका लागि अपर्याप्त समय तथा अपर्याप्त राजनीतिक इच्छा शक्तिजस्ता राष्ट्रिय तहका तत्वहरुलाई यो प्रतिवेदनभरि सन्दर्भित गरिएको छ । तथापि, स्थानीय तहका तत्वहरुको पनि योगदान छ । सरकारको सेप्टेम्बर २०११ को घोषणापछि माओवादी वैद्य समुहको अवरोधमा भएको बृद्धिलाई नै यस प्रक्रियाले गति लिन नसक्नुको महत्वपूर्ण कारणका रूपमा बताएन्छ । यसबाहेक, बढ्दो ध्यानले जग्गा कब्जा भैरहेका धेरै जग्गाधनीहरूलाई आफ्नो जग्गा पुन: प्राप्त गर्न थप प्रयास गर्न उत्साहित गरेको देखिँदैन र कब्जा जग्गा भोगचलन गरेर बसेकाहरूका लागि विकल्पको अभावले फिर्ता कार्यमा समाधान खोज्न असहज बनेको छ ।

*"वैद्य समुहको" अवरोध र दलगत गुटबन्दी*

केही जिल्ला र उल्लेख्य रूपमा जग्गा फिर्ता नभएका मामिलाहरू धेरै रहेका जिल्लाहरूमा "वैद्य समुह" माओवादीहरूको अवरोध जग्गा फिर्ताका लागि मूख्य समस्या भएको छ । मोहन बैद्य समूहसँग आबद्ध स्थानीय माओवादीहरू आफ्ना केन्द्रीय समकक्षीहरूझैं विचार राख्छन्: न्याय सुनिश्चित गर्ने र समता बृद्धि गर्ने, भूमिसुधार जग्गा फिर्ताभन्दा पहिले नै हुनुपर्ने वा दुवै एकसाथ अघि बढ्नुपर्ने । मोरङका स्थानीय माओवादीहरूले आफ्नो मुख्य ध्यान जोताहाहरूको लागि न्याय दिलाउन रहेको र कब्जाका बाँकी मुद्दाहरू ऐतिहासिक अन्यायको कारण भएको हुँदा फिर्ता गर्नुभन्दा अघि त्यसको निराकरण गरिनुपर्ने बताए । उदयपुरका एकजना स्थानीय एनेकपा(माओवादी) प्रतिनिधिले भने, "सरकारले जग्गा फिर्ता गर्ने घोषणा गरेको होला तर वैज्ञानिक तथा क्रान्तिकारी भूमिसुधार लागू नभएसम्म हाम्रो त्यस्तो कुनै उद्देश्य छैन... सोरुङ, ताम्लिडाँडा र जोगिदह गाविसहरूमा केही जग्गा छन् जसका जग्गाधनीसँग हदबन्दीभन्दा बढी जग्गा छन्, ती छाडिँदैनन् ।"[१९] त्यसैगरी, नवलपरासीका बैद्यपक्षीय एक माओवादी सदस्यले पर्यवेक्षकहरूलाई जग्गाका मामिलाहरू "एक-एक गरि सम्बोधन गरिनुपर्छ भने । नेपाली जनताबाट शोषण गरेर धेरै जग्गा बनाएका जग्गाधनीहरूले फिर्ता पाउनु हुँदैन । अरु जग्गा भने फिर्ता हुनसक्छ ।" बर्दियाका एक थारुवान राज्यसमिति सदस्य र बैद्य समर्थकले गुनासो गरे, "भूमिहीनहरूलाई केही दिनुको साटो जग्गाधनीलाई फिर्ता गर्ने कुरा पहिले शुरु भयो, त्यसैले हामीले विरोध गर्‍यौं ।" अर्घाखाँची, चितवन, कैलाली, कंचनपुर, मोरङ र संखुवासभामा वार्ता गरिएका व्यक्तिहरूले पनि माओवादी वैद्य समुहको अवरोधलाई उल्लेख गरे ।

बर्दियामा दलका विभिन्न समूहहरूले भिन्न उद्देश्यका साथ काम गरिरहेको देखियो जहाँ "संस्थापन" पक्षले जग्गा फिर्ताको घोषणा गर्‍यो भने बैद्य पक्षले तत्कालै दलको झण्डा गाडी जग्गा पुन: कब्जा गर्‍यो । जिल्लाका एक वरिष्ठ माओवादीले दलको केन्द्रिय समितिले जग्गा फिर्ता गर्नका लागि औपचारिक निर्णय गरेमा प्रक्रिया अघि बढाउन सहयोग पुग्ने उल्लेख गरे । बारामा वार्ता गरिएका गैरमाओवादी व्यक्तिहरूले माओवादीभित्रको गुटबन्दीले जग्गा फिर्तालाई असहज बनाउने मान्यता राखे । उनीहरूले एनेकपा(माओवादी) ले सर्वदलीय संयन्त्रमा तीन भिन्न गुटका प्रतिनिधिहरू पठाउने गरेको र जग्गा फिर्ता पक्षीय संस्थापन पक्ष बहुमतमा भए पनि बैद्यपक्षीय समर्थकहरू

---

[१८] आरसिएचसिओले पनि बाँके जिल्लामा भएको उस्तै मामिलाबारे उल्लेख गर्‍यो जसमा एमाले समर्थकको संलग्नता थियो । आरसिएचसिओको फिल्ड बुलेटिन अंक २६ "Land seizure in three Mid-Western Tarai districts," नोभेम्बर २०११, http://www.un.org.np/headlines/rchco-field-bulletin-issue-26 हेर्नुहोस् ।

[१९] जग्गाको हदबन्दा क्षेत्रअनुसार फरक छ । सन् २००१ मा नयाँ सीमा तोकिएका भएपनि प्रारम्भमा कानूनी चुनौति र त्यसपछि बजेट विनियोजनको अभावले लागू भएको छैन । सन् २००१ का सीमा यसप्रकार छन्: तराईमा ७.४३ हेक्टर/११ बिघा, पहाड तथा हिमालमा ३.७५ हेक्टर/५.६ बिघा र काठमाडौं उपत्यकामा १.५ हेक्टर/२.२४ बिघा । नयाँ हदबन्दीले भूमि ऐन १९६४ मा अनुमति दिइएको जग्गाको परिमाणलाई घटाएको छ र यो तराईमा उल्लेख्य घटेको छ जहाँ पहिलेको सीमा १७ हेक्टर/लगभग २५ बिघा थियो । खासगरी तराईमा केही व्यक्तिहरूले कानूनी हदबन्दीभन्दा बढी जग्गाको स्वामित्व राखेको आरोप छ । यीमध्ये केही मामिलाहरूमा जग्गाको ठूलो अंशलाई पहिले नै परिवारका धेरै सदस्यहरूबीच बाँडिएका छन् तर अझै पनि एक व्यक्तिको नियन्त्रणमा रहेको ठानिन्छ । अन्य दृष्टान्तहरूमा, स्थानीय व्यक्तिहरू केही भूस्वामित्व निश्चित रुपमा गैरकानूनी भएको आरोप लगाउँछन् । कार्टर सेन्टरले कुन भूस्वामित्व बैधानिक छन् र कुनले कानून उल्लंघन गरेका छन् भन्ने निश्चित गर्न हरेक दृष्टान्तसँग सम्बन्धित जग्गाको अभिलेखबारे अनुसन्धान गरेको छैन । नेपालमा भूमिसुधार प्रयासबारे अझ विस्तृत छलफलका लागि हेर्नुहोस्, जगन्नाथ अधिकारी, "Contentions and Prospects of Land Reform in Nepal: A Historical Review," न्यू एंगल: नेपाल जर्नल अफ सोसियल साइन्स एण्ड पब्लिक पोलिसी, भाग १, संख्या १, पृ. १७-३१ । (नेपालमा एक बिघा जग्गा २० कट्ठा, १३.९ रोपनी, २२२ आना, ०.६७ हेक्टर, ८३१६.८ वर्गमिटर वा ७२,९०० वर्गफिट बराबर हुन्छ । गुणात्मक शब्दमा, एक बिघा जग्गा अन्तर्राष्ट्रिय स्तरको फुटबल मैदानभन्दा थोरै ठुलो हुन्छ ।)

पनि उपस्थित रहेको उल्लेख गरे । कास्कीका माओवादी अधिकारीहरूले कब्जा भएका जग्गा बाँकी भएको अस्वीकार गरे पनि दलका एक वरिष्ठ सदस्यले सरकारको निर्देशनले जिल्ला तहमा दलभित्रै गम्भीर बहस निम्त्याएको र गुटबन्दी चर्काएको उल्लेख गरे ।

सन् २०११ को उत्तरार्द्धमा गरेको कैलाली जिल्लाको भ्रमणको समयमा कार्टर सेन्टरका पर्यवेक्षकहरूले एनेकपा (माओवादी) का सबै समूहका सदस्यहरूले बालीमा पहुँच, जग्गा बिक्रीबाट कमिशन तथा भाडा भुक्तानीलगायतबाट जग्गा कब्जाको लाभ उठाइरहेको उल्लेख गरेका थिए । तथापि, दलभित्रको गुटबन्दीले फाइदाको वितरणलाई अवरोध पारेको र  दलभित्रको द्वन्द्वलाई बढावा दिएको देखियो । उदाहरणका लागि धनसिंहपुर र चुहा गाविसहरूमा ठूलो परिमाणमा कब्जा गरिएका जग्गाहरूमा पाँच बिघा जग्गा एनेकपा माओवादीले आफ्नो दल तथा समर्थकहरूले मात्र खेती तथा अन्य प्रयोग गर्नका लागि अलग्गै राखेका थिए । चुहा गाविसमा छुट्याइएको पाँच बिघामा गुटगत विभाजनले सम्बन्ध बिग्रनु अघि नै खेती गरिएको थियो । बाली उठाउने समयमा कुन समूहले दलको भागको धान पाउने भन्नेमा असहमति भयो जसले गर्दा एनेकपा(माओवादी) का कार्यकर्ताहरूको लागि छुट्याइएको जग्गामा मात्र नभै सम्पूर्ण कब्जा गरिएको जग्गाको बालीमा समेत विवाद भयो । पर्यवेक्षकहरूले दुई समूहबीचको संघर्षले जग्गा फिर्तामा अप्ठ्यारो भएको उल्लेख गरे किनकी कब्जा जग्गाको खेतीबाट आउने आर्थिक लाभप्रति सबै गुटका  कार्यकर्ताहरूको आकर्षण थियो ।

*इच्छाअभाव, "चित्त नबुझ्दो" कारोवार स्वीकार गर्न उदासीनता, डर र अन्य तत्वहरूका कारण जग्गाधनीको पहलकदमीमा अभावको निरन्तरता*

उल्लेख गरिएजस्तै हालसम्म फिर्ता भएका जग्गाको प्रक्रियाका हकमा स्थानीय लेनदेन र जग्गाधनीहरूको व्यक्तिगत संलग्नता नै केन्द्रमा छन् । वार्ता गरिएका व्यक्तिहरूले जग्गाधनीले पहल नगरेका कारण समाधान हुन सक्ने केही मामिलाहरू पनि समाधान नभएको उल्लेख गरे किनभने जग्गाधनीहरू काठमाडौंलगायतका शहरमा सरेका छन् वा विदेश गैसकेका छन् । नोभेम्बर २०११ को सहमति र जग्गा फिर्ताप्रति माओवादी नेतृत्वको ध्यानाकर्षणले समेत धेरै जग्गाधनीहरूलाई स्थानीय लेनदेनमा सहभागी भएर आफ्नो जग्गा फिर्ता पाउने प्रयासमा प्रेरित गर्न नसकेको देखिन्छ ।

धनुषामा वार्ता गरिएका केही व्यक्तिहरूले ६० बिघा जग्गाका एक जग्गाधनी बाली उठाउने समयमा जग्गामा आउने गरेको तर हालैका वर्षहरूमा उनी नआएको र मोही वा स्थानीय माओवादीहरूसँग कुरा गर्ने प्रयास पनि नगरेको बताए । ओखलढुंगाका एक नेपाली कांग्रेस प्रतिनिधिले फिर्ता नभएका जग्गाका थोरै मात्र मामिला भएको र ती काठमाडौं सरेर गएका र आफ्नो जग्गा फिर्ता लिने प्रयास नगरेका जग्गाधनीहरूको भएको बताए । अर्घाखाँचीको एक मानवअधिकार संस्थाको भनाइमा उनीहरूले कब्जा भएका विभिन्न जग्गाका धनीहरूलाई सम्पर्क गरे तर उनीहरू गाउँमा केही पनि नरहेको भन्दै फर्कन मानेनन् । अर्घाखाँचीकै अर्को घटनाअनुसार, माओवादीहरूले एउटा प्लट फिर्ता गर्ने प्रस्ताव गरे तर जग्गाधनीले आफ्नो अनुपस्थितिमा उनको सम्पत्तिमाथि भएको नोक्सानीको क्षतिपूर्ति नपाएसम्म त्यो स्वीकार नगर्ने बताए ।[२०]

प्रमुख विधायकहरूसँग सम्बन्धित जग्गाका केही मामिलाहरूको सन्दर्भमा एनेकपा(माओवादी) का प्रतिनिधिहरूले अन्य दलहरूले माओवादीहरूको "छवीमा दाग लगाउन" र जग्गा फिर्ताको राजनीतिक श्रेय माओवादीलाई नदिनको लागि जानाजान ती मामिलाहरू समाधान गर्न नचाहेको पर्यवेक्षकहरूसँग बताए । उदयपुर र इलामलगायतका जिल्लामा वार्ता गरिएका माओवादीहरूले त्यस्तो दावी गरे ।

अन्त्यमा, केही दृष्टान्तहरूमा, स्थानीय अधिकारी तथा जग्गाधनीहरूले माओवादी कार्यकर्ताहरूको डरको निरन्तरता पनि जग्गाधनीहरूको पहलकदमीको अभावको एक कारकतत्व रहेको बताए । जग्गा कब्जाका सुल्झिन बाँकी मामिलाहरू रहेको सुदूरपश्चिमको एक गाविसका एकजना अधिकारीले भने, "डरको कारणले माओवादी विरुद्ध कोही पनि कुरा गर्ने आँट गर्दैन ।" बाराका केही जग्गाधनीहरूले गाविस तहमा डरधम्कीको वातावरण भएको गुनासो गरे । द्वन्द्वकालमा जग्गा र सम्पत्ति छाडेका लमजुङका एक दलका प्रतिनिधि र सदस्यहरूले कार्यकर्ताहरू माओवादीको डरले गाविस फर्कन नचाहने र माओवादीहरूले आफूहरूलाई फर्कन पनि नबोलाएको उल्लेख गरे ।

*कब्जा जग्गा भोगचलन गरिरहेकाहरूका लागि विकल्पको अभाव*

केही मामिलाहरूमा कब्जा जग्गा जोतिरहेका किसानहरू ति जग्गा कब्जा हुनुअघिका मोही नै थिए । तथापि, अन्य मामिलामा जग्गा भोगचलन गर्नेहरू परिवर्तन भएका छन् । यसले औपचारिक रूपमा जग्गा फिर्ता भैसकेपछि उनीहरूलाई कति मात्रामा भोगचलन गर्न प्रत्याभूति दिने वा वैकल्पिक व्यवस्थापन गर्ने भन्ने प्रश्न उठेको छ । यस प्रतिवेदनको अन्य खण्डहरूमा उल्लेख गरिएजस्तै यो विषय माओवादी, भूमिहीन जनताका पक्षपाती, जिल्ला प्रशासक तथा स्थानीय शान्ति समितिका सदस्यहरूसहित वार्ता गरिएका धेरै व्यक्तिहरूको लागि चासोपूर्ण थियो । केही दृष्टान्तहरूमा स्थानीय लेनदेनबाट नै मामिला सुल्झिसकेको छ, उदाहरणका लागि जग्गा फिर्ता गर्दा जग्गाधनीहरूले मोही परिवर्तन नगर्ने शर्त राखेर । अन्य मामिलामा, वार्ता गरिएका स्थानीय व्यक्तिहरूले कब्जा जग्गामा हाल भोगचलन

[२०] समाचार पत्रका अनूसार सरकारले जग्गाधनीलाई क्षतिपुर्ति दिन सहमत भएपछि यो मुद्धा जुन २०१२ मा सुल्झियो । हेर्नुहोस्, "Maoist-padlocked house unlocked after 10 yrs," *The Kathmandu Post*, June 20, 2012, p.4. http://www.ekantipur.com/2012/06/20/national/maosit-padlocked-house-unlocked-after-10-yrs/355850.html ।

गरिरहेका जनताका लागि पुनर्वास, क्षतिपूर्ति वा रोजगारीका विकल्पहरू पहिचान गर्नका लागि राष्ट्रिय तहको कदम आवश्यक रहेको मान्यता राखे ।

### ५. केही मामिलाहरू कब्जा जग्गाको परिमाण धेरै ठूलो भएको, जग्गाधनी-मोही सम्बन्धको द्वन्द्वकालीन वा त्योभन्दा पनि पुरानो ऐतिहासिक समस्या वा कमजोर अभिलेख र विवादित बिक्री जस्ता अन्य तत्वका कारणले जटिल छन् ।

यथेष्ठ इच्छाशक्ति देखाएमा कब्जाका अधिकांश मामिलाहरूको निराकरण हुन सक्ने भए पनि केही मामिलाहरूमा थप जटिल तत्वहरू छन् । ती तत्वहरू हुन्: जग्गाको ठूलो प्लट र त्यसमा अत्यन्तै बढी संख्याको बसोबास, द्वन्द्वकालीन विशिष्ट ऐतिहासिक अवस्था, अभिलेखको विषय र पुनर्बिक्रीका मामिलाहरू ।

*कब्जा जग्गाका ठूला प्लटहरू*
कब्जा गरिएको जग्गाका केही ठूला खण्डहरू ठूलो संख्यामा बासिन्दाहरुले भोगचलन गरिरहेका कारण चुनौतिपूर्ण छन् र केही स्थानहरूमा बासिन्दाहरूले सामाजिक र भौतिक संरचनाहरू निर्माण गरिसकेका छन् । तल बुँदा ८ मा उल्लेख गरिएजस्तै यदि सरकारले बलपूर्वक बासिन्दाहरूलाई हटाउने प्रयास गरेमा यी मध्ये केही स्थानहरूमा द्वन्द्वको जोखिम उच्च रहने छ।

बाँकेमा पहिले उखु खेती रहेको स्थानको उखु मिलको जग्गामा कम्तीमा ६०० परिवारले भोगचलन गरिरहेका छन् । उक्त स्थलमा निजी र सार्वजनिक दुवै जग्गा छन् । स्थानीय नागरिक समाज संगठन, जिविस तथा अन्तर्राष्ट्रिय दातृ संगठनहरु समेतको सहयोगमा त्यहाँका बासिन्दाहरूले सडक, दुई वटा विद्यालय, समाज सुधार समिति, बचत तथा ऋण सहकारी निर्माण र गठन गरेका छन् । अर्को रूपमा भन्दा उनीहरूले एक क्रियाशील समुदाय खडा गरेका छन् । यी मध्ये केही बासिन्दाहरूले उल्लेख्य व्यक्तिगत खर्चमा घर निर्माण गरेका छन् र सरकारले स्थानान्तरण गर्न चाहेमा जग्गा उपलब्ध गराउनुको अलावा आफ्नो घरको क्षतिपूर्ति समेत दिनुपर्ने उनीहरूको माग छ । तीमध्ये केही बासिन्दाहरू एनेकपा माओवादीसँग आबद्ध भए पनि धेरै आबद्ध नभएका छन् र उनीहरू उक्त स्थलमा आफैं स्वतन्त्र रूपमा आएका हुन् । यसको अर्थ यो मामिलामा सम्झौता गराउनका लागि माओवादीसँग सामर्थ्य सीमित हुनेछ । विगतमा उक्त स्थानमा बस्न आएका धेरै सुकुम्बासीहरू एनेकपा(माओवादी) मा नभई राष्ट्रिय भूमि अधिकार मञ्चमा आबद्ध छन् जसमध्ये केही यसै बर्ष त्यस स्थलमा बसेका हुन् ।

त्यसैगरी मोरडमा १०० बिघाभन्दा बढीको एक प्लटलाई सयौं परिवारबीच बाँडिएको थियो । तीमध्ये धेरै भूमिहीन थिए र उनीहरूले एनेकपा(माओवादी) सँग एक हदसम्म सम्बन्ध विकास गरेका थिए । सोही जिल्लाको अर्को मामिलामा २८ बिघाको प्लटलाई द्वन्द्वकालमा स्थानीय किसानहरूले कब्जा गरेर पछि मात्र माओवादी दलले कब्जा गरेको घोषणा गरेका थिए । कास्कीमा वार्ता गरिएका व्यक्तिहरूले पोखराको छेउछाउमा धेरै सुकुम्वासी बस्तीहरू रहेको उल्लेख गरे, तीमध्ये केही विभिन्न दलको आडमा र केही त्यत्तिकै बसेका थिए । लेखनाथ र पोखराका धेरै स्थानहरू ठूलो संख्याका सुकुम्बासीहरूले भरिएको छ । उदाहरणका लागि लेखनाथमा पोखरा विश्वविद्यालयले दावी गरेको एक जग्गामा लगभग ३००० सुकुम्बासीहरू बसेका छन् । माओवादीहरूले सन् १९९९ मा बसाइंका लागि उक्त जग्गा खुला भएको घोषणा गरेका थिए । सुकुम्बासीहरू विश्वविद्यालयसँग जग्गाको स्वामित्वका कागजात नभएको दावी गर्छन् र केही बासिन्दाहरूले एनेकपा (माओवादी) बाट उक्त जग्गामा बस्ने अनुमति पत्र प्राप्त गरेका छन् । यी मामिलाहरूमा छलफलको शुरुवात पहिचान गर्न असहज हुन सक्छ ।

*द्वन्द्वकालीन इतिहासहरू*
अन्य मामिलाहरू द्वन्द्वकालीन इतिहासको कारण जटिल बनेका छन् । पर्यवेक्षकहरूले दाङमा दुई भिन्न मामिलाहरूबारे उल्लेख गरे जसमा मोहीहरू जग्गाधनीहरूलाई द्वन्द्वकालमा राज्यसँगको मिलेमतोमा हत्या वा बेपत्ताका लागि जिम्मेवार ठहऱ्याउँछन् । दुवै मामिलामा मोहीहरूले जग्गा फिर्ता गर्नुपरेमा भौतिक अवरोध गर्ने बताए ।[२१] त्यस्ता मामिलाहरूलाई सत्य तथा मेलमिलाम आयोग वा त्यस्तै संक्रमणकालीन न्यायिक संयन्त्रमार्फत सबैभन्दा उचित रूपले मिलाउन सकिएला । उल्लेख गरिएको बाँकेको मामिला जस्तै जग्गा अझै पनि एनेकपा(माओवादी) को "कब्जा"मा रहेको मानिए पनि यी मामिलाहरूमा मोहीहरूको दलसँगको सम्बन्ध सीमित छ र जग्गा फिर्तालाई सहज बनाउन दलको सामर्थ्य पनि अस्पष्ट नै देखिन्छ ।

*कब्जा जग्गाका कागजपत्र र पुनर्बिक्रीका मुद्दाहरू*
केही मामिलाहरूमा मोहीहरूले कब्जा जग्गा कानूनी र स्वामित्व प्रमाणपत्र बिना नै अन्य किसानलाई "बिक्री गरेको" बताइएको छ । यसले वैधानिक जग्गाधनीले जग्गाको स्वामित्व पुन:प्राप्त गर्दा नयाँ मोहीलाई क्षतिपूर्ति दिने कि नदिने भन्ने प्रश्न उठाउँछ । पर्यवेक्षकहरूले

[२१] "नेपालको राजनीतिक प्रक्रियामा भूमिसम्बन्धी प्रतिबद्धताहरू: अहिलेसम्म कति उपलब्धि भएका छन्?", कार्टर सेन्टर, पृष्ठ १५ ।

त्यस्ता मामिलाहरू बाँके र मोरङ जिल्लामा पाए र कालिकोट जिल्लाको त्यस्तै एक मामिलाबारे राष्ट्रिय संचारमाध्यमहरूले सम्प्रेषण गरेका छन् ।[२२]

द्वन्द्वकालमा माओवादी "जनसरकार" अन्तर्गतको "क्रान्तिकारी जनपरिषद्" ले गरेका भूमिसम्बन्धी निर्णयहरूका कारणले केही जिल्लामा कागजात र कानूनी स्वामित्वका जटिल मुद्दाहरू पनि विद्यमान छन् । द्वन्द्वकालमा जनसरकारले केही जिल्लाहरूमा सीमा र जग्गा बिक्रीका विवादहरूमा सयौंदेखि हज्जारौंसम्म निर्णयहरू गऱ्यो । कार्टर सेन्टरले यो मामिलालाई विस्तृत अध्ययन गरेको छैन । तथापि, यीमध्ये केही कारोबारहरू क्रेता र बिक्रेताका बीचमा सौहार्द्रपूर्ण भएको देखिए पनि अन्य भने वैधानिक जग्गाधनीको जानकारी बिना नै राजनीतिक दवावद्वारा भएको बताइन्छ ।[२३] मध्य-पश्चिमी पहाडी जिल्लाका एकजना मालपोत अधिकृतका भनाइमा द्वन्द्वकालपछि दुवै पक्ष मालपोत कार्यालय गई जिल्लाका त्यस्ता कारोबारमध्ये अधिकांशलाई कागजात बनाएर वैधानिक बनाए, तथापि त्यस्ता थोरै मामिलाहरू अझै पनि विवादित र समाधान हुन बाँकी रहेको र खास गरी त्यसले जग्गा खरिदकर्ताका लागि समस्या खडा गरेको उनको विचार थियो। जिल्लाका विभिन्न व्यक्तिहरूले केही बिक्रेताहरूले द्वन्द्वकालपछि आफ्ना जग्गा फेरि अरुलाई बिक्री गरेको वा द्वन्द्वकालमा कारोबार भएको जग्गा पास गरिदिनका लागि क्रेतासँग थप रकम मागिरहेको कुरा गरे ।

६. **कार्टर सेन्टरका पर्यवेक्षकहरूले सरकारको सेप्टेम्बर २०११ को निर्देशनपछि जिल्ला प्रशासन कार्यालयहरूले जग्गा कब्जा भएका जनतालाई ती घटनाको विवरण बुझाउन अनुरोध गर्न पुनर्प्रयास गरेको उल्लेख गरे । भ्रमण गरिएका केही जिल्लाका जिल्ला प्रशासन कार्यालयहरूले पेश भएका दावीहरूको अनुसन्धान गर्ने प्रयास पनि गरेका छन् । तथापि, हालसम्म कुनै नयाँ कदम चालिएको छैन र यसो हुनुको कारण केन्द्रिय तहबाट थप निर्देशनको कमी भएको बताइन्छ ।**

सरकारले सेप्टेम्बर २०११ मा कब्जा जग्गा फिर्ता गर्ने घोषणा गरेपश्चात् भ्रमण गरिएका धेरै जिल्लाका जिल्ला प्रशासन कार्यालयहरूले कब्जा भएका भनिएका जग्गाको तथ्यांक संकलन गर्न थाले । तथापि, जिल्ला प्रशासन कार्यालयहरूले तथ्यांक संकलन बाहेक थप कुनै आदेश नआएको बताए र केही जिल्ला प्रशासन कार्यालयहरूले भूमिसम्बन्धी कुनै निर्देशन नै नपाएको बताए । सामान्यतः, स्थानीय सरकारी अधिकारीहरूले जग्गा फिर्तालाई सहज बनाउन अग्रसर भएर कुनै कदम चालेका छैनन् । बरू, धेरै जिल्लाका अधिकारीहरू जग्गा फिर्तालाई अझै पनि राजनीतिक प्रक्रियाका रूपमा हेर्छन् जसलाई अघि बढाउनका लागि प्रशासनिक कदमभन्दा पहिले स्थानिय र राष्ट्रिय राजनीतिक सहमतिको खाँचो छ ।

दाङ र कन्चनपुरमा प्रमुख जिल्ला अधिकारीहरूलाई तथ्यांक संकलन गर्ने निर्देशन आएको थियो तर प्रक्रियामा थप विवरण केही थिएन । अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारीले राजनीतिक दलहरूसमक्ष समस्याहरू समाधान भए नभएको जिज्ञासा राखेका थिए तर केही जवाफ पाएका थिएनन् र छानवीन गर्ने थप प्रयास पनि गरेका थिएनन् । उदयपुरका प्रमुख जिल्ला अधिकारीले स्थानीय शान्ति समितिका संयोजक र दलका प्रतिनिधिहरूसम्मिलित एक समिति गठन गर्न सोच राखेका थिए तर पर्यवेक्षकहरूले उक्त जिल्लाको भ्रमण गरेको समयसम्म कुनै कदम चालिएको थिएन । टेलिफोन सम्पर्कद्वारा प्राप्त पछिल्लो तथ्यअनुसार बजेट अभावका कारणले समितिले गर्ने भनेको स्थलगत भ्रमण स्थगित भएको बताइएको थियो । यद्यपि अप्रिल महिनामा समितिले जग्गाधनीहरूलाई आफ्ना गुनासा दर्ता गर्न अपील जारी गरेको थियो । बर्दियाका प्रमुख जिल्ला अधिकारी जग्गा फिर्तासम्बन्धी कार्यदलमा समावेश भए जसमा नेपाली कांग्रेस, एनेकपा(माओवादी) र एमालेका दुई दुई सदस्य तथा प्रहरी उपरिक्षक सम्मिलित थिए । तथापि उक्त कार्यदल वैधानिक अधिकार प्राप्त निकाय थिएन र प्रमुख जिल्ला अधिकारीसँग तथ्यांक संकलन गर्नेबाहेकको निर्देशन प्राप्त थिएन । मार्च २०१२ मा गरिएका टेलिफोन वार्ताका दौरान नेपाली कांग्रेस र माओवादीका प्रतिनिधिहरूले उक्त कार्यदल उपयोगहीन भएको बताए ।

७. **पर्यवेक्षकहरूले थोरै संख्याका दृष्टान्तहरूमा स्थानीय शान्ति समितिहरूले द्वन्द्वकालीन जग्गा कब्जाका मामिलाहरूलाई निराकरण गर्ने प्रयास गरेका तर ती प्रायः असफल भएका उल्लेख गरेका छन् ।**

पर्यवेक्षकहरूले स्थानीय शान्ति समितिहरूले कब्जा जग्गामाथिका विवाद निराकरण गर्ने प्रयास गरेका केही दृष्टान्तहरू फेला पारे । तथापि, तीमध्ये अधिकांश प्रयासहरू असफल भएका छन् ।[२४] मोरङमा स्थानीय शान्ति समितिमा जग्गा फिर्ताका कुरा उठाइए पनि

---

[२२] अक्टोबरमा राष्ट्रिय संचारमाध्यमले कालिकोटका एक वरिष्ठ माओवादीको भनाई उद्धृत गऱ्यो, "हाम्रा साथीहरूले जग्गालाई टुक्रा गरेर किसानहरूलाई बेचेको देखिन्छ । सामान्य किसानले जग्गाका लागि रकम तिरेका छन् । त्यसैले तत्काल फिर्ता गर्नका लागि हामीलाई अप्ठ्यारो भैरहेको छ ।" हेर्नुहोस्, "Maoists sold seized land in Kalikot,", *रिपब्लिका,* अक्टोबर १२, २०११, http://www.aspect.org.np/news.php?id=574 ।

[२३] यस मुद्दामा मध्य-पश्चिम क्षेत्रमा भएको एक संक्षिप्त छलफलका लागि हेर्नुहोस्, "Maoists 'endorsed' 12,000 land dealings,", *द काठमाडौं पोष्ट,* जुन २०, २०१२, http://www.ekantipur.com/2012/01/20/national/maoists-endorsed-12000-land-dealings/347513/ ।

[२४] यो कार्टर सेन्टरले प्राप्त गरेको यसअघिकै तथ्य जस्तै नै छ । विगत वर्षहरूमा दाङ, बर्दिया र सुर्खेतका स्थानीय शान्ति समितिहरूले जग्गा कब्जाका आरोपित मामिलाहरूमा छानविन र समाधान गर्ने प्रयास गरेका थिए । दाङ र बर्दियामा एनेकपा (माओवादी) को विरोधले त्यो प्रक्रिया अघि बढ्न पाएको थिएन । सुर्खेतमा थोरै मामिलाहरू दर्ता भएका थिए तर स्थानीय शान्ति समितिले छानविन गर्न सकेको थिएन । (सन् २०१० मा कार्टर सेन्टरले सुर्खेतमा दर्ता गरिएका तीनमध्ये दुई मामिलाको छानविन गऱ्यो र ती नुवै द्वन्द्वकालीन जग्गा कब्जा नभै जटिल व्यक्तिगत विवाद रहेको पायो ।)

त्यसका लागि कदम चाल्न समिति "अधिकारविहीन" रहेको बताइयो । बाँकेको स्थानीय शान्ति समितिसँग कब्जाको आरोपका ४७ वटा मामिलाको अभिलेख थियो तर कुनै पनि जग्गा फिर्ता गराउन सफलता प्राप्त भएको थिएन । एक जना स्थानीय शान्ति समिति प्रतिनिधिले अर्थपूर्ण छलफलको परिस्थिति नै नभएको उल्लेख गरे किनभने त्यहाँ बसेका मानिसहरूको लागि अन्त जाने ठाउँ नै थिएन । कैलालीका स्थानीय शान्ति समिति संयोजक वैद्यपक्षीय सदस्य थिए र उनले भूमि सम्बन्धी मुद्दाहरूका लागि विस्तृत र राष्ट्रिय तहको समाधान आवश्यक भएकाले वर्तमान समयमा स्थानीय शान्ति समितिको संलग्नताको कुनै सम्भावना नरहेको बताए । इलाममा स्थानीय शान्ति समितिले जग्गा कब्जाको एक मामिलामा मध्यस्थता गर्ने प्रयास गऱ्यो तर मोहीले जग्गाको "वैकल्पिक व्यवस्था" माग गरेको र जिल्ला तहमा त्यस्तो व्यवस्था गर्न नसकिएकाले उक्त प्रयास सफल हुन सकेन । झापामा पनि एक मामिलामा स्थानीय शान्ति समिति संलग्न भएको थियो तर जग्गाधनी हाल विदेशमा रहेकाले कुनै सहमतिमा पुग्न नसकेको बताइयो । संचारमाध्यमहरूले जग्गा फिर्तामा स्थानीय शान्ति समितिको संलग्नताले सफलता पाएको हुनसक्ने एउटा मामिलाबारे उल्लेख गरेका छन्: सल्यानको स्थानीय शान्ति समिति अनुगमन टोलीमा सहभागी भई स्थानीय माओवादी र गुठीको जग्गा कब्जा गरी खेती गर्ने किसानका बीच सम्झौता गर्न सहयोग गरेको बताइएको छ ।[२५]

अझ सामान्य रूपमा भन्नुपर्दा, स्थानीय शान्ति समितिहरू भूमिसम्बन्धी विवादहरूमा संलग्न भएका छैनन् । यो तथ्य कार्टर सेन्टरले यस अघि प्राप्त गरेकै स्थितिमा छ जस अनुसार थोरै स्थानीय शान्ति समितिहरू मात्र द्वन्द्व मध्यस्थता वा समाधान प्रयासमा लागेका छन् ।[२६] बाराका धेरै व्यक्तिहरूले स्थानीय शान्ति समितिहरू सिद्धान्ततः भूमिसम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्नका लागि उपयोगी मञ्च हुने मान्यता राखे तर समितिहरूले यो भूमिकाको अभ्यास गर्न आवश्यक कार्य नगरेको बताए ।

**८. बलपूर्वक निष्काशन गर्ने प्रयास भएको खण्डमा जग्गा फिर्ताले केही स्थानमा स्थानीय द्वन्द्व निम्त्याउन सक्छ ।**

कब्जा जग्गामा खेती गरिरहेका किसानहरूलाई बलपूर्वक निकाल्ने प्रयासले धेरै स्थानमा किसान, जग्गाधनी, सुरक्षा बल, एनेकपा (माओवादी) वैद्य समुहका सदस्यहरूसहित स्थानीय दलका कार्यकर्ता र दल असम्बद्ध भूमिहीन र सुकुम्बासीबीच द्वन्द्व हुनसक्छ । ओगटिएका ठूलो क्षेत्रफलका सार्वजनिक र निजी जग्गाहरू विशेष चासोपूर्ण छन् जसमा हज्जारौं व्यक्तिहरू ससाना प्लटमा खेती गर्छन् र उनीहरू भूमिहीन रहेको वा माथिल्लो पहाडी भेगमा राम्रो खेती नहुने थोरै जग्गा मात्र रहेको दावी गर्छन् र आफूहरूसँग कब्जा भएको जग्गाबाहेक खेती गर्ने कुनै विकल्प नरहेको बताउँछन् ।

पर्यवेक्षकहरूले भ्रमण गरेका धेरै जिल्लाहरूमा एनेकपा माओवादी र खास गरी उक्त दलको वैद्य पक्षले कब्जा जग्गाका बासिन्दाहरूलाई सम्भाव्य जबरजस्ती निष्कासन  विरुद्ध संगठित हुन सहयोग गरेका छन् । कन्चनपुरमा दलले सरकारको जग्गा फिर्ता गर्ने निर्णयको विरोधमा प्रेस वक्तव्य निकाल्यो र सुकुम्बासीलाई बलपूर्वक हटाउने सरकारको कुनै पनि प्रयास विरुद्ध लाग्ने वचनबद्धता व्यक्त गऱ्यो । कैलालीको श्रीपुर गाविसस्थित एक निजी जग्गा कब्जा गरेर बनाइएको सुकुम्बासीको एक शिविर राज्य, माओवादी र सुकुम्बासी बीचको द्वन्द्वको सम्भाव्य जोखिममा रहेको छ । शिविरमा एनेकपा माओवादीका सदस्यको नेतृत्व र लामो समयदेखि रहेका बासिन्दाहरूको संलग्नतामा क्रान्तिकारी किसान संगठनअन्तर्गत २५ सदस्यीय संघर्ष समिति गठन गरिएको छ । दलले ४ डिसेम्बर २०११ मा धनगढीमा जग्गा फिर्ताको विरोधमा गरिएको जुलुसमा सहभागी हुनका लागि लगभग १५ जना सुकुम्बासीलाई ओसारेको र ६ अप्रिल २०१२ मा भएको दोस्रो जुलुसमा दुई वटा बस भाडामा लिइ मान्छेहरू ल्याएको पनि जानकारी छ । संघर्ष समितिका अध्यक्षले भने, "(सरकारले) हामीलाई हटाउँदैन । यदि उनीहरूले कोशिस गरे भने हामी पछि हट्ने छैनौं । सरकारमा जोसुकै भए पनि हामी उनीहरूको सामना गर्नेछौं ।" जिल्लामा सन् २००९ को डिसेम्बर महिनामा डुँडेझारी वनमा सुकुम्बासी र प्रहरीका बीचमा भएको भिडन्तमा चारजनाको मृत्यु भएको घटनाको सम्झना अझै गहिरो छ । सुरक्षाकर्मीहरुले विवाद समाधानका लागि करकापको तरिका प्रयोग नगर्ने कुरालाई आँफुहरुले प्राथमिकता दिएको कुरा पर्यवेक्षकलाई बताए । अन्त्यमा, पृष्ठ ९मा वर्णन गरिएको बाँके सुगर मिल मामिलामा त्यहाँका बासिन्दा र उनीहरूका प्रतिनिधिहरूले आफूहरूलाई उपयुक्त विकल्प नदिइ जबरजस्ती हटाइएमा द्वन्द्व हुने बताए ।[२७]

**९. हाल भोगचलनको अवस्थामा रहेका जग्गामाथिको जारी विवादका वावजूद नयाँ जग्गा कब्जाका थोरै मामिलाहरू मात्र प्रकाशमा आएका छन् ।**

---

[२५] कान्तिपुर दैनिक, "माओवादीद्वारा गुठीको जग्गा फिर्ता," डिसेम्बर १५, २०११, http://www.ekantipur.com/kantipur/news/news-detail.php?news_id=258709।

[२६] स्थानीय शान्ति समितिहरूको क्रियाकलाप र द्वन्द्व मध्यस्थता तथा निराकरणमा संलग्नताबारे कार्टर सेन्टरको विस्तृत प्रतिवेदनका लागि हेर्नुहोस्, "स्थानीय शान्ति समितिबारे कार्टर सेन्टरको अद्यावधिक", मे १०, २०११ र "नेपालको स्थानीय तहमा राजनीतिक विवाद निराकरणको सारांश", डिसेम्बर ३०, २०१० । दुवै प्रतिवेदन http://cartercenter.org/countries/nepal-peace.html मा उपलब्ध छन् ।

[२७] एक स्थानीय नागरिकका अनुसार त्यस जग्गामा बस्ने माओवादी सम्बद्ध बासिन्दाहरूले नोभेम्बर २०११ मा वैद्य पक्षका प्रतिनिधिहरूसँगको बैठक पछि संघर्ष समिति गठन गरेका छन् । कृपया यो पनि हेर्नुहोस्, द काठमाडौं पोष्ट, "Tillers to protest land return at any cost," नोभेम्बर २८, २०११, http://www.ekantipur.com/the-kathmandu-post/2011/11/27/nation/tillers-to-protest-land-return-at-any-cost/228700.html।

भ्रमण गरिएका अधिकांश जिल्लामा वार्ता गरिएका व्यक्तिहरू गत वर्ष कुनै पनि उल्लेख्य नयाँ जग्गा कब्जाको घटना नभएकोप्रति लगभग एकमत थिए । तथापि, बैद्यपक्षीय सदस्यहरूद्वारा पहिलेदेखिका विवादित जग्गाहरू पुनः कब्जा वा “कब्जा” भएका छिटपुट विवरण प्राप्त भएका छन् । उदाहरणका लागि, संयुक्त राष्ट्र संघ आवासीय एवं मानविय संयोजकको कार्यालय (आरसिएचसिओ) ले डिसेम्बर २०११ मा उल्लेख गरेको छ, “बैद्यपक्षीय नेताहरूले बाग्लुङ, बारा र धनुषा जिल्लाहरूमा जग्गा पुनः कब्जा गरेको घोषणा गरेका छन् ।”[२८] तीमध्ये कम्तीमा केही जग्गा नयाँ कब्जा गरिएकाभन्दा पनि पहिले नै नियन्त्रणमा रहेका जग्गाको सांकेतिक “पुनःकब्जा” का मामिलाहरू थिए ।[२९] फेब्रुअरी २०१२ मा पर्यवेक्षकहरूसमक्ष बाग्लुङका एक वरिष्ठ माओवादी नेता तथा बैद्यपक्षीय सदस्यले ती वक्तव्यहरू सरकारलाई दवाव दिनका लागि मात्र जारी गरिएको तथा उक्त जग्गा पहिलेदेखि नै भूमिहीन जनताले भोगचलन गरिरहेको र तीमध्ये केहीलाई माओवादीले नै बोलाएको उल्लेख गरे । जिल्लाका वरिष्ठ प्रहरी तथा प्रशासनिक अधिकारीहरूले नयाँ कब्जाका कुनै गुनासो नभएको बताए ।[३०]

यो प्रवृत्तिको एउटा मात्र अपवाद कपिलवस्तुमा थियो जहाँ पर्यवेक्षकहरूले निजी जग्गाहरू कब्जा भएका धेरै नयाँ घट्नाहरू फेला पारे । पर्यवेक्षक समूहले एउटा घटनाको अध्ययन गर्‍यो जसमा जग्गा बिक्रीमा धोका भएको आरोप लगाउँदै उक्त विवादमा संलग्न भएको स्थानीय माओवादीहरूले स्वीकार गरे । जग्गाधनीले सो जग्गा वैधानिक स्वामित्व कागजात नदिइ मोहीहरूलाई बिक्री गरे र सोही जग्गा अर्को क्रेतालाई “पुनः बिक्री गरे” । अन्यथा, जिल्लामा द्वन्द्वकालमा कब्जा भएका लगभग सबै जग्गा फिर्ता भइसकेको देखियो ।[३१]

### उ. निष्कर्ष तथा सुझावहरू

अगष्ट २०११ मा प्रधानमन्त्री पदमा  बाबुराम भट्टराईको निर्वाचन र नोभेम्बर १ मा सात बुँदे सहमति पश्चात्को प्रशासनिक र राजनीतिक ध्यानाकर्षणका वावजुद उक्त ध्यानाकर्षणले कब्जा जग्गा फिर्ताको उल्लेख्य नौलो परिणाम देखाएको छैन । नोभेम्बर २०११ को सहमतिपछिका राजनीतिक प्रयासको ठूलो अंश माओवादी लडाकुहरूको समायोजन र स्वैच्छिक अवकाश, संवैधानिक मुद्दाहरू लगायत दलभित्रका जारी गुटगत विवादहरूमा लक्षित भएको स्पष्ट छ । हालको मितिसम्म जग्गा फिर्ता र भूमिसुधारका सिद्धान्तहरूमाथि सहमति निर्माण गर्न र तिनको कार्यान्वयनका लागि कार्ययोजना निर्माण तथा संयन्त्र लागू गर्नका लागि यथेष्ट राजनीतिक इच्छाशक्ति र प्रयास भएको छैन । सरकारको शुरुवाती कदम तथा केही जिल्ला प्रशासन कार्यालयहरूको जग्गा कब्जाका आरोपित मामिलाहरूको तथ्यांक संकलन गर्ने कार्य उत्साहजनक थिए तर थाँति रहेका मामिलाहरूको निराकरण गर्ने गरि अघि बढ्ने नीति तथा पद्धति वा उक्त प्रक्रियालाई अघि बढाउन यथेष्ट राजनीतिक सहमति भएन ।

यदि द्वन्द्व र अन्यायलाई न्यून बनाउने हो भने जग्गासम्बन्धी धेरै मामिलाका जटिलता तथा यससँग सम्बन्धित विशिष्ट ऐतिहासिक परिवेशले स्थानीय यथार्थता अनुसार पर्याप्त लचिला रूपरेखा तथा सिद्धान्तहरूको माग गर्दछन् जसले स्थानिय यथार्थलाई सम्बोधन गर्न सक्छन् । कमसेकम सरकार र राजनीतिक दलहरू कब्जा जग्गाको सेरोफेरोका सम्भाव्य द्वन्द्वहरूप्रति संवेदनशील हुनुपर्दछ । अझ व्यवहारिक रूपमा भन्नुपर्दा राष्ट्रिय अभियन्ताहरुले  भूस्वामित्व तथा कब्जाका आरोपहरूको तथ्यांक निर्माण र सुधारको प्रयासलाई जारी राख्ने लगायत भविष्यमा फिर्ता प्रक्रियालाई अघि बढाउनका लागि सामान्य तर यथार्थवादी कदमहरू चाल्ने अवसर खोज्न सक्छन् ।

दीर्घकालका लागि, जग्गा कब्जाको विषय जनसंख्या बृद्धि, गैर-कृषि रोजगारीको उपलब्धता तथा बढ्दो जग्गा अभावजस्ता बृहत सामाजिक आर्थिक तत्वहरूसँग निकट रूपमा जोडिएको छ । कार्टर सेन्टर भूमिसुधारका बारेमा भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयद्वारा निर्माण गरिएको कार्ययोजनाद्वारा प्रोत्साहित भएको छ र दलहरू तथा सरकारलाई द्वन्द्वकालीन कब्जा जग्गा फिर्ता गर्नुका अलावा विस्तृत भूमि नीति र सुधारका लागि अघि बढ्न निरन्तर प्रेरित गर्दछ । यो विस्तृत शान्ति सम्झौता तथा अन्तरिम संविधानको मर्मसम्मत पनि छ ।

कार्टर सेन्टर आफ्नो ज्ञान र धारणा व्यक्त गर्ने नेपालका सरकारी अधिकारी, सुरक्षा अधिकारी, राजनीतिक दलका सदस्य, नागरिक समाज प्रतिनिधि, पत्रकार तथा अन्य नागरिकहरूप्रति कृतज्ञता व्यक्त गर्दछ । उहाँहरूको सहयोगबिना यो प्रतिवेदन र नेपालमा कार्टर सेन्टरका

---

[२८] आरसिएचसिओको फिल्ड बुलेटिन अंक ३३ हेर्नुहोस्, “2012: Potential risks to peace and development from the field,” जनवरी २०१२ । त्यसैगरी, धनुषामा एनेकपा(माओवादी) कार्यकर्ताहरूले एउटा जग्गामा दलको झण्डा गाडेर सांकेतिक रुपमा पुनः कब्जा गरेको आरोप छ, पछि सुरक्षाबलद्वारा झण्डा हटाइएको बताइयो ।

[२९] उदाहरणका लागि, धनुषामा एनेकपा माओवादी कार्यकर्ताहरूले दलको झण्डा गाडेर जग्गाको एक टुक्रा पुनः कब्जा गरेको कथन छ, झण्डा सुरक्षा बल द्वारा हटाइएको बताइन्छ । हेर्नुहोस्, आरसिएचसिओ, मासिक अद्यावधिक, जनवरी २०१२, पृ. १-२ ।

[३०] त्यसैगरी, संचारमाध्यमहरूका अनुसार फेब्रुअरी २०१२ मा बिराटनगरमा माओवादी कट्टरपन्थीले निजी जग्गा “नियन्त्रणमा” लिएको एक मामिला को जानकारी आयो जुन जग्गामा पहिले नै सुकुम्बासीहरू बसिरहेका थिए । कृपया हेर्नुहोस्, “Maoists seize land in Biratnagar,” *द हिमालयन टाइम्स,* फेब्रुअरी १२, २०१२, http://www.thehimalayantimes.com/fullNews.php?headline=Maoists+seize+land+in+Biratnagar&NewsID=320224 ।

[३१] आरसिएचसिओले नेकपा माओवादी-मातृका यादवले बारा जिल्लामा जनवरी २६ मा जग्गा कब्जा गरेको एक नयाँ कथन पनि उल्लेख गरेको छ । कृपया हेर्नुहोस्, आरसिएचसिओ, मासिक अद्यावधिक, जनवरी २०१२, पृ. २ ।

अन्य कार्यहरू सम्भव थिएनन् । भावी कदमका लागि उपयोगी छलफल बिन्दुहरू प्रदान गर्ने अपेक्षासहित सहकार्य तथा सम्मानभावका साथ निम्न सुझावहरू प्रस्तुत गरिएका छन्:

भविष्यका लागि मननयोग्य कदमहरू:

**बलपूर्वक निष्काशन वा सुकुम्बासी र सुरक्षाबलका बीच झडप गर्न उक्साउने जस्ता उत्तेजनात्मक कार्यबाट टाढा रहनुपर्छ ।** पर्यवेक्षकहरूले केही मामिलाहरूमा कब्जा जग्गाका बासिन्दा तथा सुरक्षाबलहरूका बीच हिंसाको सम्भावना यथावत रहेको उल्लेख गरेका छन् । यस अलावा, धेरै मामिलाहरूको जटिल पृष्ठभूमि/परिवेश/परिस्थितिका कारण निष्काशनमा आधारित पहलले तिनको प्रभावकारी सम्बोधन गर्न सक्दैन । त्यसैगरी, राजनीतिक दलहरूले भूमिहीन जनता र राज्यको बीचमा हिंसात्मक झडपलाई बढावा दिनेजस्ता राजनीतिक स्वार्थका लागि संवेदनशील जनसमूहलाई उपयोग गर्ने कार्य छाड्नु पर्छ ।

**राष्ट्रव्यापी रूपमा कब्जा भएका जग्गाको आधिकारिक, विश्वसनीय र निष्पक्ष अभिलेख निर्माण गर्ने प्रयास जारी राख्नुपर्छ ।** कब्जा जग्गासहितका भूमिसम्बन्धी आधिकारीक तथ्यांकको अशुद्धताले द्वन्द्वकालमा कति जग्गा कब्जा भए र कति फिर्ता हुन बाँकी छन् भन्ने निर्धारण गर्न असहज बनाउँछ । सरकारको जिल्ला प्रशासन कार्यालयहरूमार्फत जग्गा फिर्ताका आवेदन संकलन गर्ने सेप्टेम्बर २०११ देखिको कदम उत्साहजनक छ र उक्त कार्य जारी राख्नुपर्छ । ती आवेदनहरूलाई राष्ट्रिय तहमा अन्य स्रोतहरूका साथ एकत्रित पारेर सार्वजनिक गरिनुपर्छ । जनवरी २००९ मा गठित संसदीय अनुगमन समितिले निर्माण गरेका अभिलेखले यस प्रक्रियामा सहयोग गर्न सक्छन् ।

**जग्गा कब्जाका आरोपहरू संकलन र अनुगमन गर्न यथोचित राष्ट्रिय स्तरको निकाय तोक्नु वा संरचना गर्नुपर्छ ।** जग्गा फिर्ता प्रक्रियालाई अघि बढाउनका लागि सरकारले कब्जा जग्गाका सुल्झिन बाँकी रहेका मामिलाहरू पहिचान गर्न र तिनको निराकरण गर्न चाल्नु पर्ने कदम निर्धारण गर्न विशेष निकाय तोक्नु उपयोगी हुन्छ । मामिलाहरू व्यवस्थापन गर्नका लागि उक्त निकाय स्पष्ट निर्देशन र सिद्धान्तअनुरूप संचालित हुनुपर्छ र कब्जा जग्गालाई तिनको जटिलताअनुरूप वर्गीकरण गरी सामान्य मामिलाको व्यवस्थापनबाट शुरुवात गर्नुपर्छ ।

**शान्ति प्रक्रियाका धेरै प्रतिबद्धताहरू अनुरूप एनेकपा(माओवादी) ले आफ्नो नियन्त्रणमा रहेका  जग्गा  तत्काल फिर्ता गर्नुपर्छ ।** दलले सम्पत्ति फिर्तामा सहयोग गर्ने अवसरहरू खोज्नु पर्छ र बाहिरी सहयोग चाहिने जटिल मामिलाहरू पहिचान गर्नका लागि सरकार र जिल्ला प्रशासनहरूलाई सहयोग गर्नुपर्छ । प्रक्रियालाई अघि बढाउन एनेकपा (माओवादी) र उसका कार्यकर्ताहरूले सुल्झिन बाँकी रहेका जग्गा कब्जाका कम जटिल वा कम विवादास्पद मामिलाहरू पहिचान गर्दै जग्गा फिर्ता गर्न सहज बनाउन जग्गामा भोगचलन गर्ने व्यक्तिहरू, जग्गाधनीहरू तथा प्रशासकहरूसँग मिलेर कार्य गर्नुपर्छ ।

**अप्रिल २०१२ मा पेश गरिएको भूमि सुधार समितिको प्रतिवेदनका सुझावहरूको समीक्षा गर्दै छनौट गरिएका सुझावहरूको कार्यान्वयन थाल्नुपर्छ ।** कार्टर सेन्टर आफ्नो सन् २०१० मा दिइएका सुझावहरूअनुरूप सरकारले विगतका भूमिसुधार प्रस्तावहरूको समीक्षा गर्न समिति गठन गरेकोमा सराहना गर्दछ । सेन्टर समितिले शीघ्रतापूर्वक आफ्नो प्रतिवेदन जारी गरेकोमा समेत सराहना गर्दछ । समितिका तथ्य तथा सुझावहरूलाई गहिरो अध्ययन गरिनुपर्छ र सरकारले स्वीकृत सुझावहरू कार्यान्वयन गर्न आवश्यक कदम चाल्नुपर्छ ।

**क्षतिपूर्ति, पुनर्बास, दीर्घकालीन सरकारी ऋण वा औचित्यअनुरूप मोहीयानी अधिकारको वितरण आदि श्रृंखलाबद्ध संभाव्य समाधानहरूका लागि मार्ग प्रशस्त गर्नका लागि जटिल जग्गा फिर्ता मामिलाहरूको व्यवस्थापन गर्ने संयन्त्र निर्माण गर्नुपर्छ ।** मोहीहरूका गुनासा, अनिच्छा अथवा लामो समय वा अघिदेखि बसिराखेका पुनर्स्थापित मोहीहरूले आफ्नो दावी नत्यागेका कारणले जग्गाधनीहरू फर्कन नसकेका दृष्टान्तहरू छन् । यस्ता मुद्दाहरूलाई छलफलबाट समाधान गर्न वा विशेष कानूनी वा प्रशासकीय अंगमा सिफारिश गर्न संयन्त्र स्थापित गर्नुपर्छ । समाधानका लागि सम्भाव्य विकल्पहरूलाई संस्थागत गर्नका लागि राष्ट्रिय सिद्धान्तहरूको एक सहमतिपूर्ण सूचि निर्माण गर्न सकिन्छ र यस रणनीतिलाई गुरुयोजनाको रूपमा केही जिल्लाहरूमा लागू गरेर पछि विस्तार गर्न सकिन्छ । त्यस्ता संयन्त्रलाई कुनै खास सरकारसँग जोडेर हेरिनु हुँदैन र तिनको निरन्तरता सुनिश्चित गर्न सरकार गठनले प्रभाव नपार्नेगरी निश्चित समय तोकिनुपर्छ ।

**अनुसूचि: कब्जा जग्गाको जिल्लागत अवस्था**
**सेप्टेम्बर २०११ देखि फेब्रुअरी २०१२ सम्म संकलन गरिएको तथ्यांकमा आधारित**

*यो अनुसूचि कसरी पढ्ने:* यी विवरणहरू जिल्ला सदरमुकाम तथा छनौट गरिएका गाविसमा अन्तर्वार्ता गरिएका व्यक्तिहरूले बताएअनुसार जिल्लाहरूमा भएका जग्गा कब्जाका समग्र परिधि र परिमाणका सूचक हुन् । यिनलाई विस्तृत विवरण मानिनु हुँदैन ।। पाठकहरूले कार्टर सेन्टरद्वारा सन् २०१० मा प्रकाशित "नेपालको शान्ति प्रक्रियामा भूमिसम्बन्धी प्रतिबद्धताहरू: हालसम्म के हासिल भएको छ?" प्रतिवेदनमा उल्लेखित निम्न जिल्लाहरूका विस्तृत घटना विवरणहरू पुनरावलोकन गर्ने चाहना पनि राख्न सक्छन्: बैतडी, दाङ, धनुषा, गोरखा, कैलाली, कपिलवस्तु, मोरङ, नवलपरासी, रामेछाप, संखुवासभा र सुर्खेत ।

अनुसूचिमा हरेक जिल्लामा औपचारिक उजुर गरिएका जग्गा कब्जाका मामिलाहरुका संख्या जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त भए अनुसार उल्लेख गरिएको छ ।यी संख्याहरूलाई यथार्थमा नभै सूचकका रूपमा हेरिनुपर्छ र यो प्रतिवेदन प्रकाशित हुनुअघि केही स्थानहरुमा परिवर्तन भएको हुनसक्छ । केही मामिलाहरूमा अधिकारीहरू निर्दिष्ट घटनाहरू औपचारिक रूपमै दर्ता गरिएकोप्रति अनिश्चित थिए । तत्पश्चात्, कब्जा जग्गाका सबै अभियोगमा एनेकपा (माओवादी) वा उसका समर्थकहरूको संलग्नता देखिँदैन, कब्जाका सबै आरोपहरू द्वन्द्व-सम्बन्धित मात्र छैनन् र उजुरीहरुमध्ये केही अन्य प्रकारका जग्गा विवादहरुसँग सम्बन्धित हुन सक्छन् ।

अनुसूचिमा जिल्लाहरुलाई तीन वर्गमा विभाजन गरी तिनको नाम वर्णानुक्रममा उल्लेख गरिएको छ: समाधान हुन बाँकी कब्जा जग्गाका मामिलाहरूको संख्या उल्लेख्य रहेको बताइएका जिल्लाहरू, समाधान हुन बाँकी जग्गा कब्जाकामामिलाहरू कम संख्यामा रहेको बताइएका जिल्लाहरू र जग्गा कब्जाका समाधान हुन बाँकी थोरै मामिलादेखि लिएर कुनै पनि मामिला नभएका जिल्लाहरू । जिल्लाहरुलाई यसरी वर्गीकरण गर्नका लागि टुंगो लाग्न बाँकी रहेको मामिलाहरुको संख्या तथा गम्भीरताबारे विभिन्न व्यक्तिहरुसँग भएका वार्ताहरुको मूल्यांकन र जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिएका भनेका मामिलाका संख्याहरुलगायत विभिन्न तत्वहरुमाथि ध्यान दिइएको थियो ।

**समाधान हुन बाँकी कब्जा जग्गाका मामिलाहरूको संख्या उल्लेख्य रहेको बताइएका जिल्लाहरू**

१. **बारा**
<u>जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या:</u> जिल्ला प्रशासन अधिकृतले कुनै मुद्धाहरुपनि दर्ता नभएको बताए

<u>सामान्य सारांश</u>: वार्ता गरिएका व्यक्तिहरूले द्वन्द्वकालमा छिमेकका तराई जिल्लाहरूमा भन्दा बारामा बढी जग्गा कब्जा भएको र जग्गा कब्जाका धेरै मामिलाहरू टुंगो लाग्न बाँकी रहेको स्वीकार गरे । ठूलो क्षेत्रफलका जग्गा कब्जा भएका धेरै टड्कारा मामिलाहरूको अलावा कब्जा भएका साना क्षेत्रफलका जग्गा पनि समाधान हुन बाँकी रहेका आरोपहरू धेरै थिए ।

माओवादी प्रतिनिधिहरूले कब्जा जग्गाका प्लटहरूमा ४०००-५००० व्यक्तिहरू अभै बसोबास गरिरहेको बताए । सर्वाधिक ठूलो संख्यामा द्वन्द्वकालीन जग्गा मामिलाहरू जारी रहेको गाउँ विकास समिति गढहल रहेको बताइयो । नेपाली कांग्रेस र सदभावना पार्टीसँग सम्बद्ध जग्गाधनीहरूले गाविसमा २५ परिवारको १०० बिघाभन्दा बढी जग्गा कब्जा भएको दावी गरे । कब्जा जग्गाका धनीहरूले माओवादी धम्कीको वातावरण निरन्तर रहेको गुनासो गरे । हाल द्वन्द्वकालिन भूमिका मुद्धाहरु सबैभन्दा बढि रहेको गाविस गढलाल बताइएको पाइयो । टेडाकट्टी र डुमरवाना गाविस पनि प्रभावित रहेको बताइयो ।

राजनीतिक सम्बन्ध रहेका व्यक्ति वा जग्गा ओगटेर बसेकाहरूलाई सम्बन्धित जग्गाधनीले रकम दिएको अवस्थामा मात्र कब्जा जग्गा फिर्ता भएको बताइएको छ । जग्गाधनीले ओगटेर बसेका व्यक्तिहरूलाई प्रत्यक्ष भुक्तानी गरेपछि आफ्नो जग्गा फिर्ता पाएको एउटा घटनाको पर्यवेक्षकहरूले पुष्टि गरे ।

२. **बर्दिया**
<u>जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या</u>: २५९

<u>सामान्य सारांश</u>: जिल्लामा माओवादी विद्रोहको अवधिमा उल्लेख्य परिमाणमा निजी कृषियोग्य जमीनहरू कब्जा भएका थिए भने उच्च प्रभाव परेको क्षेत्र पश्चिमी बर्दियाको राजापुर थियो । जिल्ला प्रशासन कार्यालयको औपचारिक तथ्यांकले २४ गाविसका ८९२ बिघा जग्गा कब्जा भएको देखाए पनि राजनीतिक दल र नागरिक समाजको अनुमानमा कब्जा जग्गाको परिमाण १००० देखि २१०० बिघासम्म थियो ।

१ नोभेम्बर २०११ को सात बुँदे सहमतिपछि, एनेकपा (माओवादी)का वैद्य समुहनेताहरूले जग्गा फिर्ता हुन दिएनन् र जोताहा, भूमिहीन तथा सुकुम्बासीहरूका लागि विकल्पको माग राखे । संस्थापन पक्षका जिल्ला नेताहरूका धारणा पनि सोहीअनुरूप थिए र उनीहरूले यस विषयमा दलको केन्द्रिय समितिले नै स्पष्ट निर्णय गर्नुपर्ने विचार व्यक्त गरे । जिल्लामा जग्गा फिर्ताको विरोध गर्न बैद्य पक्षद्वारा जिल्लास्तरीय किसान संघर्ष समिति गठन गरिएको थियो ।

पर्यवेक्षकहरूले केही जग्गाधनी र जोताहाहरूबीच व्यक्तिगत छलफल भैरहेको उल्लेख गरे । जग्गाधनीहरू आफ्नो जग्गाको पूर्ण नियन्त्रण पुनः प्राप्त गर्न सफल भएका थिएनन् तर केहीले भने उब्जाबालीको केही प्रतिशत पाउन सफल भएका छन् । केही जग्गाधनीहरूले जोताहाहरूसँगको सम्बन्ध बिग्रने डरले जिल्ला प्रशासन र प्रहरीको संलग्नता नचाहेको बताए । जग्गा फिर्ता कार्यान्वयन गर्न प्रशासन असमर्थ रहेको उनीहरूको ठहर छ ।

### ३. चितवन

<u>जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या</u>: जिल्ला प्रशासन अधिकृतले कुनै मुद्धाहरुपनि दर्ता नभएको बताए

<u>सामान्य सारांश</u>: जिल्लामा माओवादी विद्रोहको अवधिमा कब्जा भएका १५० बिघाभन्दा बढी जमिन अझै पनि फिर्ता नभएको बताइन्छ । १३ नोभेम्बर २०११ मा एनेकपा(माओवादी) सम्बद्ध अखिल नेपाल किसान संगठन (क्रान्तिकारी) र अखिल नेपाल भूमिहीन सुकुम्बासी संगठनले भरतपुरमा एक पत्रकार सम्मेलन आयोजना गर्दै सम्बन्धित जग्गामा बसोबास गरिरहेका सुकुम्बासीहरूका लागि उपयुक्त विकल्प प्रदान नगरेसम्म जिल्लाका कब्जा जग्गा फिर्ता नगरिने दावी गरे । जिल्लामा वैद्य  पक्षको प्रभाव छ र उनीहरू कब्जा जग्गामा बसिरहेका सुकुम्बासीहरूको यथोचित व्यवस्थापनको माग गरिरहेका छन् ।

वार्ता गरिएका व्यक्तिहरूले कुमरोज, मंगलपुर र जुटपानी गाविसहरूमा जग्गा कब्जाका टुंगो लाग्न बाँकी मामिलाहरू रहेको उल्लेख गरे । विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भैसकेपछि माओवादीको आडमा सुकुम्बासीहरूले मंगलपुर गाविसमा १२-१५ बिघा जग्गा कब्जा गरेको बताइयो । उक्त जग्गामा १००० भन्दा बढी घरहरू निर्माण गरिएका छन् जसमध्ये केही घर राम्रा छन् भने अन्य अस्थायी संरचनाहरू छन् । जिल्ला प्रशासन, राजनीतिक दल तथा जग्गाधनीहरूले ती जग्गा छुटाउने पहल गरे पनि जिल्लास्थित एनेकपा( माओवादी) वैद्य समुहको विरोधका कारण फिर्ता हुन सकेन ।

### ४. दाङ

<u>जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या</u>: तथ्याङ्क उपलब्ध नभएको

<u>सामान्य सारांश</u>: अखिल नेपाल किसान संगठन(क्रान्तिकारी) को अनुमानमा माओवादीले द्वन्द्वकालमा २७०० बिघा सार्वजनिक र निजी जग्गा कब्जा गरे । सार्वजनिक जग्गामध्ये लगभग ७५० देखि १००० बिघा नेपाल संस्कृत विश्वविद्यालयको थियो भने बाँकीमध्ये अधिकांश रतननाथ मन्दिर गुठी, स्वर्गद्वारी मन्दिर (जुन दाङ-प्यूठान सीमामा अवस्थित छ) गुठी र त्रिभुवन विश्वविद्यालय महेन्द्र क्याम्पसका थिए ।

जग्गा कब्जाका सुल्झिन बाँकी मामिलाहरू अझै धेरै भए पनि तिनको संख्या र क्षेत्रफल अस्पष्ट छ । १७ गाविसहरूमा उल्लेख्य रूपमा जग्गा कब्जा भएका थिए: बिजौरी, चौलाही, धनौरी, ढिकपुर, हल्वार, हापुर, हेकुली, लालमटिया, मानपुर, पंचकुले, पुरन्धारा, राजपुर, सतबरिया, श्रीगाउँ, सिसहनियाँ, टारीगाउँ र उडरी । साथै घोराही र तुल्सीपुर नगरपालिकाका जग्गा पनि कब्जा भएका थिए ।

वार्ता गरिएका व्यक्तिहरूले फिर्ता भएका जमीनहरू औपचारिक संयन्त्रद्वारा भन्दा पनि जग्गाधनी, माओवादी र भोगचलनकर्ताबीचका अनौपचारिक छलफल प्रक्रियाबाट भएको उल्लेख गरे ।

### ५. कैलाली

<u>जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या</u>: २४०

<u>सामान्य सारांश</u>: कैलालीमा अन्तर्वार्ता गरिएका सबै व्यक्तिहरूले जग्गा कब्जालाई गम्भीर मुद्दाका रूपमा पहिचान गरेका थिए । जिल्लामा द्वन्द्वकालमा २४० परिवारबाट २००० बिघा जग्गा कब्जा भएको जिल्ला प्रशासन कार्यालय र नागरिक समाज प्रतिनिधिहरूको ठम्याइ थियो । कब्जा जग्गाहरू पूर्णतः फिर्ता नभएको वा थोरै मात्र फिर्ता भएको बताइन्छ । जग्गा कब्जाका सर्वाधिक मामिलाहरू बलिया, चुहा, धनसिंहपुर, मसुरिया र नारायणपुर गाविसका साथै टिकापुर नगरपालिकासमेत गरी जिल्लाको मध्य र पूर्वी भागमा रहेका छन् । पर्यवेक्षकहरूलाई माओवादीहरूले कब्जा जग्गा सशर्त फिर्ता गर्न वा बिक्री गर्न अनुमति दिएका तीन अनिर्णित मामिलाहरूबारे जानकारी दिइयो । उदाहरणका लागि, माओवादीहरूले आफ्ना सदस्य तथा समर्थकहरूलाई मात्र बिक्री गराउने उद्देश्यले चुहा गाविसमा सशर्त जग्गा फिर्ता गरेका थिए ।

जिल्लामा प्रभूत्व जमाएको वैद्य पक्षले सरकारको कब्जा जग्गा फिर्ता गर्ने निर्णयको सशक्त प्रतिवाद गरेको छ । उनीहरूले ती जमीनमा बसोबास गरिरहेका भूमिहीन जनताका लागि वैकल्पिक व्यवस्था गर्नुपर्ने माग गरेका छन् र जिल्लाका संस्थापन पक्षीय नेताहरूले पनि त्यस्तै भावना व्यक्त गरेका छन् । वार्ता गरिएका धेरै व्यक्तिहरूले जग्गा फिर्ताले भविष्यमा सुरक्षा चुनौति खडा गर्ने धारणा व्यक्त गरे । उनीहरूले सरकारले जबरजस्ती लखेट्न खोजेमा प्रतिरोध गर्नका लागि श्रीपुर गाविसको एक सुकुम्बासी शिविरमा गठन गरिएको क्रान्तिकारी किसान संगठनअन्तर्गतको एक संघर्ष समितिको उदाहरण दिए ।

यसैबीच, एनेकपा(माओवादी) का संस्थापन र वैद्य समुह दुवै समूहहरूले जग्गा कब्जाबाट प्राप्त हुने बालीको अंश, जग्गा बिक्रीबाट कमिशन र भाडावापत रकमलगायतका लाभ लिइरहेका छन् । तथापि, दलभित्रको गुटबन्दीले गुटभित्रका सदस्यहरूबीचमा हुने लाभको बाँडफाँडमा प्रत्यक्ष अवरोध पुऱ्याएको छ ।

सरकारी तथा गैरसरकारी संगठन स्रोतहरूका अनुसार मुक्तिपछि जग्गा वितरण नगरिएका सैयौं मुक्त कमैया परिवारहरू जिल्लाका धेरै स्थानका सार्वजनिक जग्गामा बसोबास गरिरहेका छन् ।

**६. कन्चनपुर**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्याः ३१

सामान्य सारांशः टुंगो लाग्न बाँकी रहेका जग्गा कब्जाका सर्वाधिक मामिलाहरू कृष्णपुर, शंकरपुर, श्रीपुर तथा रामपुर-बिलासपुरलगायत जिल्लाका पूर्वी भागका धेरै गाविसहरूमा थिए । राजनीतिक दलहरूको अनुमानमा द्वन्द्वको अवधिमा कब्जा भएका जग्गाको क्षेत्रफल २७ बिघा देखि १५० बिघासम्म थियो । अन्तर्वार्ता गरिएका विभिन्न स्रोतहरूले अझै पनि कब्जामै रहेको जग्गाको सबैभन्दा ठूलो क्षेत्र ३६ बिघाको रहेको र सो जग्गा कल्याण केसी र उनको परिवारको रहेको बताए ।

वार्ता गरिएका धेरै गैर-माओवादीहरूले जिल्लामा बैद्य पक्षको प्रभाव रहेको हुँदा कब्जा जग्गा फिर्ता गर्न जटिल हुने बताए । जिल्ला तहका एनेकपा (माओवादी) नेताहरूले सरकारले बलपूर्वक जग्गा फिर्ता गर्ने प्रयास गरेमा त्यसको प्रतिरोध गर्ने सार्वजनिक रूपमै बताएका छन् ।

गएका वर्षहरूमा एनेकपा(माओवादी) का प्रतिनिधिहरूले कब्जा जग्गाका केही धनीहरूलाई बजार मूल्यभन्दा कममा बिक्री गर्ने विकल्प प्रस्तावका रूपमा राखेको बताइएको छ ।

राष्ट्रिय भूमि अधिकार मञ्चले जिल्लाका विभिन्न सार्वजनिक जमीनहरूमा धेरै भूमिहीन जनता बसोबास गरिरहेको बतायो । उदाहरणका लागि, टिकापुर बहुमुखी क्याम्पसको स्वामित्वमा रहेको ३८० बिघा जग्गामा लगभग ६०० भूमिहीन सुकुम्बासीहरू बसिरहेको बताइयो । उक्त जग्गामा बस्ने भूमिहीनहरू नेपाली कांग्रेस, एनेकपा (माओवादी) र एमालेलगायत तीनवटै मूख्य दलसँग सम्बद्ध छन् । सन् २००० मा मुक्त भैसकेपछि मुक्त कमैयाका सैयौं परिवारहरू पनि सार्वजनिक जग्गामा बसोबास गरिरहेको बेस (BASE) ले जानकारी दिएको छ ।

**७. संखुवासभा**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्याः ६५

सामान्य सारांशः संखुवासभामा जग्गा कब्जालाई जारी मुद्दा रहेको बताइयो । वार्ता गरिएका अधिकांश व्यक्तिहरूका अनुसार द्वन्द्वकालीन जग्गा कब्जाको अवस्थामा केही परिवर्तन आएको छैन । जिल्लामा माओवादीको वैद्य समुहको प्रभाव छ र तिनका प्रतिनिधिहरू जग्गा फिर्ताको स्पष्ट विरोधमा उभिएका थिए । ५ डिसेम्बर २०११ मा वैद्य समूहका जिल्लास्तरीय प्रतिनिधिहरूले संखुवासभामा कब्जा जग्गा फिर्ताको विरोध गर्ने दावीसाथ वक्तव्य जारी गरे । उनीहरूले भूमिहीन जनताका पीडालाई सम्बोधन गर्नका लागि वैज्ञानिक भूमिसुधार आयोग गठन भएपछि मात्र जग्गा फिर्ता सम्भव हुने बताए । संखुवासभाका नेकपा माओवादी मातृका यादवतर्फका प्रतिनिधिहरूले बैद्य पक्षसँग मतैक्यता जनाउँदै वक्तव्य जारी गरेको बताइएको छ ।

जिल्लाका दक्षिणी र पूर्वी क्षेत्रहरू जग्गा कब्जाबाट सर्वाधिक प्रभावित रहेको बताइयो । धेरै जसो कब्जा जग्गाका जग्गाधनीहरू धरान, बिराटनगर र काठमाडौंमा बसोबास गर्ने गरेको बताइयो ।

**समाधान हुन बाँकी जग्गा कब्जाका मामिलाहरू कम संख्यामा रहेको बताइएका जिल्लाहरू**

**१. अर्घाखाँची**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्याः ५-६[३२]

सामान्य सारांशः जग्गाधनीहरूले एनेकपा (माओवादी) विरुद्ध जग्गा कब्जाका आरोप लगाएका धेरै गुनासोहरू यथावत छन् । तीमध्ये केही मामिलाबारे सर्वदलीय बैठकहरुमा छलफल भैसकेको भए पनि कुनै स्पष्ट परिणाम आएको छैन । तीमध्ये एउटा मामिला बालीको अंशमाथि विवादको मामिला भएको देखिन्छ जबकी अर्कोमा जग्गाधनीले आफ्नो जग्गामा फर्किनुअघि आफ्नो सम्पत्तिमा भएको

[३२] जिल्लाका अधिकारीहरूले पर्यवेक्षकहरूलाई यसअघि उजुर गरिएका सबै मामिलाहरूको पुनरावलोकन गरिसकेको र ५ देखि ६ वटा मामिला भने समाधान हुन बाँकी रहेको बताए ।

नोक्सानीको क्षतिपूर्ति माग गरेका छन् । माओवादी प्रतिनिधिहरूले जिल्लामा कब्जा भएका जग्गाहरू फिर्ता गरिसकेको र जग्गाधनीहरू ढुक्कले फर्कन सक्ने बताए ।

**२. बाँके**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्याः ६३

सामान्य सारांशः जिल्ला प्रशासन कार्यालयमा अपेक्षाकृत बढी उजुरीहरु दर्ता भए पनि वार्ता गरिएका लगभग सबै व्यक्तिहरूले जग्गा कब्जाको समस्या छिमेकी जिल्ला बर्दियाको तुलनामा सामान्य रहेको र यो ठूलो राजनीतिक मुद्दा नरहेको मूल्यांकन गरे । द्वन्द्वकालीन जग्गा कब्जाका सुल्झिन बाँकी मामिलाहरूको यथार्थ संख्या अस्पष्ट पाइयो । कब्जा जग्गाको सबैभन्दा ठूलो प्लट उदरापुर गाविसको वडा नं. २ मा अवस्थित लगभग ३०० बिघाको छ । यो स्थानमा पहिले उखु खेती र मिल थियो र यो सार्वजनिक तथा एक ठूला व्यापारीको निजी जग्गा हो । पर्यवेक्षकहरुले जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिएका उजुरीहरु राजनीतिक वा द्वन्द्वकालीन कब्जासँग सम्बन्धित थिए वा अन्य प्रकारका जग्गा विवादहरु थिए भन्ने पत्ता लगाउन सकेनन् ।

**३. धनुषा**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्याः तथ्याङ्क उपलब्ध नभएको

सामान्य सारांशः द्वन्द्वकालका जग्गा कब्जाका अधिकांश मामिलाहरू निशर्त फिर्ता वा बिक्रीका माध्यमबाट समाधान भैसकेको बताइन्छ । केही जग्गाहरू माओवादी कार्यकर्ता तथा सशस्त्र समूहका सदस्यहरूको हस्तक्षेपद्वारा बजार मूल्यभन्दा कममा बिक्री भएको बताइएको छ ।

तथापि, सुल्झिन बाँकी थोरै मामिलाहरू यथावत छन् । दीर्घकालीन पर्यवेक्षकहरूको टोलीले धनुषाधाम गाविसमा अझै कब्जामा रहेको एक मामिलाको पुष्टि गरेका छन् । जग्गाधनी हाल काठमाडौंमा रहेको र उनी केही वर्षदेखि त्यहाँ नफर्केको बताइन्छ । यसविचमा उक्त जग्गामा माओवादीसम्बद्ध सुकुम्बासी परिवारहरूले खेती गरिरहेका छन् ।

यस अतिरिक्त, भरतपुर गाविसमा सार्वजनिक वनको जग्गा कब्जाको एक टड्कारो मामिला छ । उक्त वनक्षेत्रमा एनेकपा (माओवादी) को आडमा ४००-५०० परिवारहरू बसोबास गरिरहेको बताइन्छ । पर्यवेक्षकहरू उक्त स्थलको भ्रमण गर्न असमर्थ रहे । तथापि, जिल्ला सदरमुकामका व्यक्तिहरूले उक्त कब्जाको सम्भाव्य वातावरणीय प्रभावप्रति चिन्ता व्यक्त गरे ।

**४. इलाम**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्याः ३

सामान्य सारांशः अपवादका रूपमा नेपाली कांग्रेसका केन्द्रिय नेता तथा पूर्व महामन्त्री कुल बहादुर गुरुङको बाहेक द्वन्द्वकालमा कब्जा भएका अन्य सबै जग्गा फिर्ता भैसकेको बताइन्छ । वार्ता गरिएका लगभग सबै व्यक्तिहरूले अन्य सबै मामिलाहरू समाधान भैसकेको र बाँकी मामिलाहरू राजनीतिकभन्दा पनि व्यक्तिगत वा पारिवारिक प्रकृतिका भएको बताए । एनेकपा (माओवादी) का प्रतिनिधिहरूले कुल बहादुर गुरुङको जग्गामा आफ्नो दावी त्यागिसकेको बताए र उनलाई मोहीहरूसँग छलफल गर्न सुझाव दिए । स्थानीय शान्ति समितिका संयोजकले उक्त मामिलालाई केन्द्रमा पठाएको तर नयाँ जानकारी केही नभएको उल्लेख गरे ।

**५. कपिलवस्तु**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्याः जिल्ला प्रशासन अधिकृतले कुनै मुद्दाहरुपनि दर्ता नभएको बताए

सामान्य सारांशः वार्ता गरिएका अधिकांश व्यक्तिहरूले द्वन्द्वकालमा कब्जा भएका अधिकांश वा सबै जग्गा फिर्ता भइसकेको बताए पनि दुबिया र हतोसा गाविसहरूमा जग्गा फिर्ता नभएको आरोपका केही विवादका साथै हतोसा, जहदी, कोपुवा र मोतीपुर गाविसमा जग्गा कब्जाका नयाँ घटनाहरू भएको देखियो । ती मामिलाहरूको अवस्था अस्पष्ट थियो । धेरैजसो विवादहरू जग्गा बिक्रीसँग सम्बन्धित प्रतीत भए ।

**६. कास्की**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्याः ०-१

सामान्य सारांशः जिल्लामा कब्जा गरेको आरोपित निजी र सार्वजनिक जग्गाका थोरै मामिलाहरू छन्, तीमध्ये केही जग्गामा भूमिहीन सुकुम्बासीहरूले भोगचलन गरिरहेका छन् । ती भोगचलनहरूमा एनेकपा(माओवादी) को संलग्नताको मात्रा भने अस्पष्ट थियो ।

**७. लमजुङ**
जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या: तथ्याङ्क उपलब्ध नभएको

सामान्य सारांश: जिल्लामा जग्गा कब्जा ठूलो मुद्दा नभएको बताइए पनि कब्जा भएका केही जग्गाहरू फिर्ता हुन बाँकी नै छन् । पाँचदेखि सातजना राप्रपा सदस्यहरू विद्रोहकालदेखि छाडेका आफ्ना जग्गा र सम्पत्तिको अवस्था बुझ्न जिल्ला प्रशासन कार्यालयमा पुगेका थिए । ती मामिलाहरू एनेकपा (माओवादी) का कार्यकर्ताहरूले कब्जा गरिरहेको आरोप थिए वा थिएनन् भन्ने अस्पष्ट थियो ।

**८. मकवानपुर**
जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या: जिल्ला प्रशासन अधिकृतले कुनै मुद्धाहरुपनि दर्ता नभएको बताए

सामान्य सारांश: कब्जा भएका अधिकांश निजी जग्गाका मामिलाहरू प्रत्यक्ष फिर्ता वा बिक्रीलगायतका स्थानीय छलफल प्रक्रियाद्वारा समाधान भैसकेका छन् । सम्भाव्य अनिर्णित कब्जाहरूबारे केही व्यक्तिले कुरा गरे पनि दीर्घकालीन पर्यवेक्षक टोलीले त्यसको निष्पक्ष पुष्टि गर्न सकेन । हेटौडा नगरपालिका र मनोहरी गाविसमा पनि सुकुम्बासीहरूले भोगचलन गरेको भनिएका केही अनिर्णित मामिलाहरू भएको जानकारी प्राप्त भएको छ ।

**९. मोरङ**
जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या: ५

सामान्य सारांश: द्वन्द्वकालमा एनेकपा (माओवादी) ले कब्जा गरेका केही जग्गाहरू अझै कब्जाकै स्थितिमा छन् । द्वन्द्वकालमा प्रमुख जिल्ला अधिकारीको कार्यालयमा पाँच वटा मामिला दर्ता भए पनि तीमध्ये चार अझै अनिर्णित रहेको बताइएको छ ।

कब्जा भएको जग्गाको सबैभन्दा ठूलो क्षेत्रफलको जमीन गोविन्दपुर गाविसमा रहेको दुगड ग्रुपको रहेको छ । गोविन्दपुरका माओवादीहरू कब्जा गरिएको जग्गा फिर्ता गर्ने योजनाको बारेमा जानकार थिए तर उक्त जग्गामा हाल खेती गर्ने किसानहरूका लागि व्यवस्था नमिलाएसम्म जग्गा फिर्ता गर्नु असम्भव रहेको बताए । उनीहरूले उक्त जग्गा माओवादी कार्यकर्ता, दुगड परिवारका पुराना मोही तथा दलले लायक ठानेका व्यक्तिहरू (जस्तै: शहीदका परिवार) लाई पुनर्वितरण गरिएको बताए । दुगड ग्रुपले जोताहाहरूका लागि रोजगारी वा अन्य जग्गा दिने नीति नलिएसम्म उक्त जग्गा फिर्ताको विरोध गर्नुको अलावा अन्य विकल्प नरहेको स्थानीय कार्यकर्ताहरूले जनाए ।

**१०. नवलपरासी**
जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या: जिल्ला प्रशासन कार्यालयले तथ्यांक प्रदान गर्न अस्वीकार गऱ्यो

सामान्य सारांश: नवलपरासीमा वैद्य पक्ष सशक्त रहेको बताइन्छ र उक्त पक्षले कब्जा जग्गा फिर्ता हुन अवरोध गरेको छ । तथापि कब्जा जग्गाको परिमाण भने अस्पष्ट थियो । एक वरिष्ठ माओवादीले जग्गा सजिलै फिर्ता नहुने र ती मामिलाहरूलाई एक एक गरी सुल्झाइनु पर्ने मान्यता व्यक्त गरे । अन्तर्वार्ता गरिएका गाविसतहका माओवादी प्रतिनिधिहरूले जग्गा फिर्ताका सम्बन्धमा दलबाट निर्देशन प्राप्त गरेका थिएनन् र जग्गा फिर्ताका बारेमा मिश्रित धारणा व्यक्त गरेका थिए ।

एनेकपा (माओवादी) ले केही कब्जा जग्गाहरू मूल जग्गाधनीलाई नै ठूलो रकममा बिक्री गरी “फिर्ता” गरेका केही अपुष्ट विवरणहरू प्राप्त भएका थिए ।

**११. उदयपुर**
जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या: ४

सामान्य सारांश: जिल्लामा कति जग्गा कब्जा भएको थियो र कति फिर्ता भयो भन्ने अस्पष्ट थियो । तथापि, एनेकपा (माओवादी) अझै पनि केही जग्गा कब्जामा राखेको स्वीकार गर्दछ र सुल्झिन बाँकी केही चर्चित मामिलाहरू पनि विद्यमान छन् । सबैभन्दा चर्चित जोगीदह गाविसको तातेड परिवारको जग्गाको मामिला छ । उक्त परिवारका एक सदस्य मधेशी जनाधिकार फोरम गणतान्त्रिकका का वरिष्ठ सदस्य हुन् ।

**जग्गा कब्जाका समाधान हुन बाँकी थोरै मामिला भएका र कुनै पनि मामिला नभएका जिल्लाहरू**

**१. बाग्लुङ**
जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या: जिल्ला प्रशासन अधिकृतले कुनै मुद्धाहरुपनि दर्ता नभएको बताए

सामान्य सारांश: जिल्लामा कब्जा भएका अधिकांश वा सबै जग्गा फिर्ता भएको बताइन्छ र जिल्ला प्रशासन कार्यालयमा कुनै पनि मामिला दर्ता भएको छैन । डिसेम्बर २०११ मा जिल्लामा वैद्य पक्षले केही जग्गा कब्जा गरेको दावी गर्दै एक वक्तव्य जारी जर्‍यो । तथापि, एक वरिष्ठ माओवादीले पर्यवेक्षकहरूलाई दलको नियन्त्रणमा कुनै पनि जग्गा नरहेको र उक्त वक्तव्य सरकारलाई भूमिहीन जनताका समस्या समाधान गर्न दवाव दिने उद्देश्यको मात्र भएको बताए । प्रहरी र प्रशासन अधिकारीहरूले पनि जग्गा कब्जाका कुनै उजुरी प्राप्त नभएको जानकारी दिए ।

सार्वजनिक वा निजी जग्गामा भूमिहीन जनता बसोबास गरिरहेका केही मामिलाहरूको जानकारी प्राप्त भएको छ । तथापि, ती मामिलाहरू जग्गा कब्जासँग सम्बन्धित थिए⁄थिएनन् वा जग्गाधनीले उनीहरूलाई हटाउने प्रयास गरेका थिए⁄थिएनन् भन्ने कुराको स्पष्ट संकेत पाइएन ।

२. **बैतडी**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या: ७

सामान्य सारांश: कब्जा गरिएका सबै निजी जग्गा र सम्पत्ति एनेकपा (माओवादी) द्वारा जग्गाधनीलाई फिर्ता गरिसकिएको बताइयो । तथापि, पूर्व प्रधानमन्त्रीलगायत तीन पञ्चायतकालीन प्रमुख नेताका जग्गा दलित र भूमिहीन परिवारहरूले उपभोग गरिरहेका छन् । उनीहरूलाई द्वन्द्वकालमै माओवादीले त्यहाँ बसाएका थिए । जिल्ला प्रशासन कार्यालय र सुरक्षा अधिकारीहरूले ती परिवारलाई त्यहाँबाट हटाउने प्रयास गरेका छैनन् किनकि उनीहरूले सरकारबाट त्यस्तो कुनै निर्देशन पनि प्राप्त गरेका छैनन् । स्थानीय माओवादीहरूले उक्त जग्गाको नियन्त्रणलाई अस्वीकार गरे र सरकारले वर्तमान मोहीहरूलाई जमीन वितरण गर्नुपर्ने मान्यता व्यक्त गरे ।

सशस्त्र प्रहरी बलले सन् २००२ मा लिएको सिद्धेश्वर गाविसको निजी जग्गा जग्गाधनीलाई फिर्ता गरिसकेको बताइए पनि जग्गाधनीले सशस्त्र प्रहरी बलबाट सन् २००३ देखि २०११ सम्मको जग्गाको भाडा नपाएको दावी गरे ।

३. **दैलेख**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या: जिल्ला प्रशासन अधिकृतले कुनै मुद्धाहरुपनि दर्ता नभएको बताए

सामान्य सारांश: दैलैखमा विद्रोहकालमा धेरै कम जग्गा कब्जा भएको जानकारी छ । कब्जा भएकामध्ये अधिकांश निजी भवनहरू थिए । सबै कब्जा जग्गा फिर्ता गरिसकिएको बताइयो र वार्ता गरिएका व्यक्तिहरूले जिल्लामा जग्गा कब्जा कुनै मुद्दा नभएको बताए ।

४. **दार्चुला**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या: जिल्ला प्रशासन अधिकृतले कुनै मुद्धाहरुपनि दर्ता नभएको बताए

सामान्य सारांश: दार्चुलामा द्वन्द्वकालीन जग्गा कब्जा कुनै ठुलो मुद्दा नभएको र कब्जा भएका अधिकांश जग्गा फिर्ता भैसकेको बताइयो । अन्तर्वार्ता गरिएका व्यक्तिहरूले लाटिनाथ र तपोवन गाविसका केही अपुष्ट मामिलाहरूबाहेक जिल्लामा जग्गा कब्जाका कुनै उल्लेख्य घटना नरहेको जानकारी दिए ।

५. **डोटी**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या: जिल्ला प्रशासन अधिकृतले कुनै मुद्धाहरुपनि दर्ता नभएको बताए

सामान्य सारांश: डोटीमा जग्गा कब्जा प्रमुख मुद्दा नभएको र द्वन्द्वकालीन जग्गा कब्जाका सुल्झिन बाँकी रहेका कुनै मुख्य मामिला नरहेको जानकारी दिइयो । केही जनता नगरपालिकाको जग्गा र कापल्लेकी गाविसको गुठीको जग्गामा बसिरहेका छिटपुट जानकारी भए पनि वार्ता गरिएका व्यक्तिहरूले यी मामिलालाई महत्व दिएनन् । गुठीको जग्गामा बस्ने व्यक्तिहरूले जग्गामा बसेवापत मन्दिरलाई सामग्री वा सेवा प्रदान गर्ने सहमति गरेको बताइन्छ ।

६. **झापा**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या: ३

सामान्य सारांश: जिल्लामा विद्रोहकालमा जग्गा कब्जाका थोरै मात्र मामिलाहरू रहेको र कब्जा भएका अधिकांश जग्गा विस्तृत शान्ति सम्झौताको हस्ताक्षरपश्चात् फिर्ता भएको बताइयो । केही जमीनहरू अझै पनि माओवादी कार्यकर्ताको नियन्त्रणमा रहेको वा उसका समर्थकहरू बसिरहेको वार्ता गरिएकामध्ये केही व्यक्तिहरूको ठहर थियो, तर उनीहरूले सान्दर्भिक उदाहरणहरू दिन सकेनन् ।

एकजना एनेकपा (माओवादी) प्रतिनिधि र एक मानव अधिकारकर्मीले दलको नियन्त्रणमा कुनै पनि जमीन नरहेको तर गौरादह गाविसको केही जग्गा फिर्ता गर्न भने दल असमर्थ भैरहेको बताए । उक्त जग्गा फिर्ता गर्न स्थानीय शान्ति समितिले मध्यस्थता गरेको तर जग्गाधनी जापानमा बस्ने भएकाले फिर्ता कार्य सम्भव नभएको बताइएको थियो ।

**७. ओखलढुंगा**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्याः जिल्ला प्रशासन अधिकृतले कुनै मुद्धाहरुपनि दर्ता नभएको बताए

सामान्य सारांशः वार्ता गरिएका व्यक्तिहरूले जिल्लामा कब्जा जग्गाका सुल्झिन बाँकी रहेका मामिला नरहेका र कब्जा गरिएका अधिकांश जमीनहरू विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भैसकेपछि माओवादीद्वारा फिर्ता गरिएको वा छाडिदिएको स्वीकार गरे । एक नेपाली कांग्रेस प्रतिनिधिले जग्गाधनीहरू काठमाडौंमा बस्ने गरेको र आफ्नो जग्गाको पुनर्दावी नगरेको हुँदा जिल्लामा अझै पनि समाधान हुन बाँकी केही मामिलाहरू रहेको बताए ।

**८. पर्सा**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्याः जिल्ला प्रशासन अधिकृतले कुनै मुद्धाहरुपनि दर्ता नभएको बताए

सामान्य सारांशः वार्ता गरिएका व्यक्तिहरूले विद्रोहको अवधिमा धेरै जग्गा कब्जा नभएको उल्लेख गरे र कब्जा भएका जग्गाहरू आपसी सहमतिद्वारा जग्गाधनीलाई फिर्ता गरिसकिएको बताइयो । एकजना पत्रकारले माओवादीहरूको जिल्लामा सशक्त उपस्थिति नभएको हुँदा उनीहरूले द्वन्द्वकाल वा त्यसपछि जग्गा कब्जाका लागि समर्थन जुटाउन नसकेको उल्लेख गरे ।

**९. रौतहट**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्याः तथ्याङ्क उपलब्ध नभएको

सामान्य सारांशः वार्ता गरिएका सबै व्यक्तिहरूले रौतहटमा जग्गा कब्जा ठूलो मुद्दा नरहेकोमा सहमति जनाए । द्वन्द्वकालमा जिल्लाको उत्तरी भागमा थोरै व्यक्तिगत जग्गा मात्र कब्जा भएको थियो । एकजना एनेकपा (माओवादी) प्रतिनिधिले कब्जा भएका सबै जग्गाहरू औपचारिक वा अनौपचारिक माध्यमबाट जग्गाधनीहरूलाई फिर्ता गरिसकिएको दावी गरे । एकजना मानवअधिकारकर्मीले उक्त भनाईमा सहमति जनाउँदै जग्गाधनी र माओवादी कार्यकर्ताहरूबीच अनौपचारिक छलफलबाट मामिलाहरू समाधान भएको हुँदा जिल्लामा जग्गा कब्जासम्बन्धी विवादहरू नभएको उल्लेख गरे ।

**१०. रुकुम**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्याः जिल्ला प्रशासन अधिकृतले कुनै मुद्धाहरुपनि दर्ता नभएको बताए

सामान्य सारांशः द्वन्द्वको अवधिमा कब्जा भएका अधिकांश निजी जग्गाहरू फिर्ता भैसकेको बताइयो । समाधान हुन बाँकी रहेका मामिलामध्ये स्यालपाखा गाविसको डिग्रे साही मन्दिरको स्वामित्वमा रहेको तीन बिघा जग्गासमेत छन् ।

माओवादी विद्रोहकालमा माओवादीको "जनसरकार" द्वारा ठूलो संख्यामा स्वामित्वको व्यवस्थापन गरिएको कारण जिल्ला उल्लेखयोग्य छ । "समानान्तर सरकारले" कारोबार गराएका मामिलाहरूको संख्याका तथ्यांक संकलन गर्न सन् २०११ को शुरुवातमा तीनै प्रमुख दल एनेकपा (माओवादी), नेपाली कांग्रेस र नेकपा एमालेसम्मिलित जिल्लास्तरीय कार्यदल गठन गरिएको थियो । कार्यदलले सन् २०११ को जुलाई महिनाको मध्यमा आफ्नो प्रतिवेदन माओवादी र स्थानीय विकास अधिकारीसमक्ष पेश गर्‍यो तर कारवाही अघि बढेन ।

**११. सर्लाही**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्याः जिल्ला प्रशासन अधिकृतले कुनै मुद्धाहरुपनि दर्ता नभएको बताए

सामान्य सारांशः अन्तर्वार्ता गरिएका व्यक्तिहरूले विद्रोहकालमा धेरै जग्गा कब्जा नगरिएको र त्यस्ता घटनाहरू भएका ठाउँमा निशर्त फिर्ता वा जग्गा बिक्रीबाट समस्या समाधान गरिएको बताए । सामान्यतः द्वन्द्वकालीन जग्गा मामिलाहरू जिल्ला प्रशासन कार्यालय वा प्रहरीको संलग्नताबिना अनौपचारिक रूपमा समाधान गरिएको देखिन्छ । एकजना प्रहरी अधिकारीले जिल्लामा विद्यमान ताजा जग्गा विवादहरू मोही र जग्गाधनीको बीचमा रहेको तथा ती माओवादीद्वारा कब्जाका मामिला नरहेको उल्लेख गरे ।

**१२. सिन्धुली**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्याः जिल्ला प्रशासन अधिकृतले कुनै मुद्धाहरुपनि दर्ता नभएको बताए

सामान्य सारांश: द्वन्द्वकालसँग सम्बन्धी जग्गा कब्जाका सुल्फिन बाँकी कुनै पनि उल्लेख्य मुद्दाबारे जानकारी दिइएन । जग्गा कब्जाका मामिलाहरू विस्तृत शान्ति सम्झौताको हस्ताक्षरपश्चात् माओवादी र जग्गाधनीहरूबीचको छलफलबाट समाधान गरिएको बताइयो । निजी जग्गा भोगचलनका दुई उल्लेख्य मामिलाहरू धेरै पुरानो परिवार वा व्यक्तिगत विवादसँग सम्बन्धित थिए र ती राजनीतिक प्रकृतिका नभएको उल्लेख गरियो ।

**१३. सुर्खेत**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या: जिल्ला प्रशासन अधिकृतले कुनै मुद्धाहरुपनि दर्ता नभएको बताए

सामान्य सारांश: सुर्खेतमा जग्गा कब्जा ठूलो मुद्दा नभएको बताइयो । वार्ता गरिएका व्यक्तिहरूले द्वन्द्वकालमा जग्गा कब्जाका दुई वटा मात्र मामिलाहरू रहेको र ती समाधान भैसकेको बताए । तथापि, सुकुम्बासी र भूमिहीनहरूले सरकारी तथा वनको जग्गा भोगचलन गरिरहेको जानकारी प्राप्त भए ।

**१४. ताप्लेजुङ**

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका आरोपित जग्गा कब्जाका संख्या: जिल्ला प्रशासन अधिकृतले कुनै मुद्धाहरुपनि दर्ता नभएको बताए

सामान्य सारांश: ताप्लेजुङ द्वन्द्वकालीन जग्गा कब्जाबाट सबैभन्दा कम प्रभावितमध्ये एक जिल्ला भएको बताइन्छ । वार्ता गएिका व्यक्तिहरूले अनुपातिक रूपमा थोरै जग्गा मात्र कब्जा भएको र अधिकांश वा सबै फिर्ता भैसकेको सहजै स्वीकार गरे । स्थानीय शान्ति समिति संयोजक (माओवादीतर्फका) ले थोरै जग्गा मात्र औपचारिक रूपमा कब्जा भएको, बरू आन्तरिक विस्थापितहरूले जमीन छाडेका र उनीहरू नभएको बेला माओवादीले उपभोग गरेको बताए । आन्तरिक विस्थापितहरू फर्कन र आफ्नो जग्गा पुनः प्राप्त गर्न कुनै समस्या नरहेको बताइयो । एमालेका एक वरिष्ठ प्रतिनिधिले उक्त भनाईमा सहमति जनाउँदै माओवादीले निजी जग्गा कब्जा गरेका थोरै मात्र घटनाहरू रहेका बरू केही सार्वजनिक अलैंची खेतीस्थलहरू कब्जा भएको तर फिर्ता भैसकेको बताए । अर्को एक दलका एकजना सदस्यले कब्जा भएको निजी जग्गाको सानो अंश अझै पनि माओवादीको नियन्त्रणमा रहेको बताए तर उनले विशेष उदाहरण दिन सकेनन् ।